राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– १०, असोज १० गते शुक्रबार, २०८२ (26 September, 2025) | www.janajibro.com | मूल्य रू. १०।-


# माओवादी महाधिवेशनतर्फ, कांग्रेस नेतृत्व परिवर्तनतिर

## माओवादीमा केस भंग गरी महाधिवेशन आयोजक समिति गठन गर्ने प्रस्ताव, कांग्रेसमा नयाँ ढंगले रूपान्तरणको विकल्प नरहेको महामन्त्रीको ठहर

■ जनजिब्रो संवाददाता





**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ले आसन्न केन्द्रीय समिति बैठकमा अहिलेको केन्द्रीय समिति विघटन गरी विशेष महाधिवेशन आयोजक समिति गठन गर्ने प्रस्ताव प्रस्तुत गर्ने भएको छ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बुधबार बसेको स्थायी समिति बैठकले अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा विशेष महाधिवेशन आयोजक समिति गठन गरी प्रस्ताव लैजाने निर्णय गरेको उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिएका हुन् ।

'पार्टीभित्र एकता कायम गर्न र वर्तमान परिस्थितिको मागअनुरूप केन्द्रीय समिति भंग गरी अध्यक्षकै संयोजनमा विशेष महाधिवेशन आयोजक समिति गठन गर्ने प्रस्ताव केन्द्रीय समितिमा प्रस्तुत गर्ने निर्णय भएको छ' प्रवक्ता सापकोटाले भने 'विशेष महाधिवेशनको मिति तोक्ने प्रस्ताव पनि गरिएको छ।' माओवादी केन्द्रले बिहीबार यस सम्बन्धी प्रस्तावमाथि छलफल गर्न केन्द्रीय समितिको बैठक बोलाएको छ। बैठकले पदाधिकारी बैठकको प्रस्ताव-माथि छलफल गरी निर्णय लिनेछ। भदौ २३ र २४ गते 'जेन-जी' आन्दोलनपछि राजनीतिक दलमा पुस्तान्तरणको दबाव बढिरहेको सन्दर्भमा यो कदम अघि सारिएको हो। बैठकले घोषित मितिमै निर्वाचन सम्पन्न गराउन सरकारलाई ध्यानाकर्षण गराउने निर्णय समेत गरेको छ। सरकारले प्रतिनिधिसभा निर्वाचन आगामी फागुन २१ गते गर्ने घोषणा गरिसकेको छ।

यस्तै, माओवादी केन्द्रले 'जेन-जी'सहित लोकतान्त्रिक र अग्रगामी शक्तिहरूसँग वार्ता र समझदारी कायम गर्ने, समाजवादी मोर्चा तथा समान विचारधारासँग एकता गर्ने र वृहत मोर्चा निर्माण गर्न पहल गर्ने निर्णय पनि गरेको छ। 'परिस्थिति तीव्र गतिमा बदलिँदै गइरहेको छ। यस्तो अवस्थामा परिवर्तनकारी शक्तिहरू एकजुट भएर अघि

क्रमशः अन्तिम पृष्ठमा

# कार्की सरकारको निर्णय : अत्यावश्यक बाहेक विदेश भ्रमणमा रोक

**काठमाडौं ।** सर्वोच्च अदालतको पूर्वन्यायाधीश शुशीला कार्की नेतृत्वको मन्त्रिपरिषद बैठकले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रियसभाका अध्यक्षबाहेक नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका पदाधिकारीको लागि सल्लाहकार नियुक्ति गर्न नपाइने निर्णय गरेको छ।

यही आइतबार बसेको कार्की नेतृत्वको अन्तरिम मन्त्रिपरिषद बैठकले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रियसभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीबाहेक सांसदलगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गरेको हो।

सोही निर्णयानुसार सरकार र प्रदेश सरकारका मन्त्री र प्रदेश प्रमुखको स्वकीय सचिवालयमा बढीमा तीन जना मात्र नियुक्ति गर्न पाइनेछ। सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि विकास आयोजनाको पुनः प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमा यस्तो निर्णय गरिएको बताएको छ। अर्थमन्त्रालयका सहसचिव एवं प्रवक्ता टंकप्रसाद पाण्डेयका अनुसार सो निर्णय कार्यान्वयन गर्न/गराउनका लागि सरकारका सबै मन्त्रालय तथा निकाय, प्रदेश सरकार तथा सबै स्थानीय तहलाई पत्राचार गरिएको छ। विगतमा स्रोत सहमति लिई निर्माणाधीन रहेका आयोजनालाई बजेट कमी हुन नदिई कार्यान्वयनमा निरन्तरता दिने र सरकारका विभिन्न मन्त्रालयअन्तर्गत पुँजीगत खर्चमा विनियोजित रकममध्ये मन्त्रालयगत बजेट सूचना प्रणालीमा नयाँ प्रविष्टि भएका, पूर्वतयारी नभएका र दोहोरो प्रविष्टि भएका कम महत्वका स-साना आयोजना/कार्यक्रमहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २१ बमोजिम रोक्का राख्ने निर्णय गरिएको छ।

बैठकले विभिन्न मन्त्रालयअन्तर्गत रहेका बजेट शीर्षकमा बजेट विनियोजन भए तापनि उद्देश्यभन्दा बाहिरका र कम महत्वका क्षेत्रमा रहेको बजेट विनियोजनलाई रोका राख्ने र भैपरी वा अन्य शीर्षकमा एकमुष्ट बजेट राखी आयोजनाहरू पहिचान नभएको हुँदा उपयोगिता नदेखिएको बजेट रोका राखिने निर्णय गरेको छ। प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने प्रकृतिका स-साना खुद्रे/टुक्रे आयोजना समेतमा विभिन्न मन्त्रालयमा भएको विनियोजनलाई रोका राखिने गरिने र यसरी रोका प्रस्ताव गरिएका बजेट उपशीर्षकमा रहेका क्रियाकलापहरूमा अघिल्लो आर्थिक वर्षमा दायित्व सिर्जना भएको तर भुक्तानी दिन बाँकी रहेको भए फरफारक गर्ने हदसम्म सम्बन्धित मन्त्रालयको माग बमोजिम रोक्का फुकुवा गर्ने सरकारको निर्णय छ।

राष्ट्रिय प्राथमिकता, स्रोत सहमति दिइएका तथा क्रमागत आयोजनामा दायित्व सिर्जना भएको या चालु आर्थिक वर्षमा दायित्व सिर्जना हुने तर न्यून बिनियोजन भएको भए रोक्का रहेको उपशीर्षकबाट रकमान्तर गरी खर्च

क्रमशः अन्तिम पृष्ठमा

# बीसौं शताब्दीका अन्तिम जनकमान्डर पोलपोट

हाल प्रतिबन्धित अवस्थामा रहेको कम्पुचियाको खमेररुज (Khmer Rougge) समूहका कमान्डर 'ता मोक' ७ मार्च, १९९९ मा थाइल्याण्डको सीमा नजिकैबाट गिरफ्तार भएका छन्। पश्चिमी देशहरू, विशेषतः संयुक्त राज्य अमेरिकाका अगाडि आफू 'सुधारिएको' देखाउन आफ्नै नेता पोलपोटलाई पदच्युत गरी बन्दी बनाउने कमान्डर ता मोक अहिले आफैं बन्दी बनाइएका छन् र उनको यो गिरफ्तारीमा समेत अमेरिकाकै हात रहेको देखिन्छ। उनको गिरफ्तारी लगत्तै अमेरिकी राज्य विभागका प्रवक्ता जेम्स पी. रोबिनद्वारा व्यक्त निम्न भनाइले अमेरिकी आशयलाई प्रस्ट पारेको छ- "समकालीन इतिहासको अत्यन्त कुख्यात युद्धअपराधीमध्ये एकलाई न्यायको कठघरामा उभ्याउने अवसर पाएकोमा हामी कम्बोडियाली सरकारप्रति आभारी छौं र त्यसका निम्ति उनीहरूसँगै काम गर्ने दिशामा आफ्ना प्रयत्नहरूलाई केन्द्रित गर्दैछौं।"

ता मोकले मार्क्सवादी-लेनिनवादी सिद्धान्तप्रति गद्दारी गरेर त्यही क्रान्तिकारी सिद्धान्तमा मृत्युपर्यन्त अविचल रहेका आफ्ना महान् नेता पोलपोटलाई पदच्युत गरी बन्दी बनाउने काम गरे। के अमेरिका साँच्चिकै ता मोकलाई कठघरामा नै उभ्याउन चाहन्छ त ? वा यो एउटा देखावटी चाल मात्र हो ? खमेररूजका अन्य दुई दक्षिणपन्थी नेता 'खिउ साम्फान र नुओन चीय' को राजधानी नोमपेन्हमा भएको नाटकीय भ्रमण र सकुशल फिर्तीसँग यो गिरफ्तारीको कुनै सम्बन्ध छ कि छैन ? यी र यस्ता यावत् प्रश्नहरूको उत्तर वर्तमान प्रधानमन्त्री हुन सेन र अमेरिकाद्वारा अब चालिने कदमहरूले दिने नै छन्। जेहोस्, अहिले विकसित भएका घटनाक्रमहरूले खमेररूज अर्थात् कम्पुचियाको कम्युनिस्ट आन्दोलन र यसका दिवङ्गत नेता पोलपोट पुनः एकपटक अन्तर्राष्ट्रिय चर्चाका विषय बनेका छन्।

### समय- सन्देश

राम कार्की 'पार्थ'

क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- १०, असोज १० गते शुक्रबार, २०८२

**सम्पादकीय**

# समयको माग: दलहरूको पुनर्संरचना

जेन-जी प्रदर्शन र त्यसमा घुसपैठ गरेर विध्वंस मच्चाएका तत्त्वहरू सबै जता-जताबाट परिचालित, जे-जे स्वार्थ र उद्देश्य बोकेका र जे-जस्तो पृष्ठभूमि एवम् क्षेत्रका मान्छे भए तापनि मूलतः ती नेपाली नागरिक नै थिए। नेपाली राजनीतिको मूलधारमा रहेका वर्तमान दलहरू तथा नेतृत्वहरूप्रति नागरिकको ठूलै तप्का गम्भीर रूपले असहमत र असन्तुष्ट छ भन्ने यथार्थकै अभिव्यक्ति हो- प्रदर्शन र विध्वंसमा भएको नागरिकहरूको व्यापक सहभागिता।

केही स्वार्थी, प्रतिगमनकारी एवम् अराजक-हिंस्रक पक्षहरूले स्थापित राजनीतिक दलहरूको 'विघटन', 'विनास' वा 'सर्वनास' को कामना वा चाहना व्यक्त गरे तापनि नेपाली समाजको आम तप्काले भने केही खास-खास नेताहरूको कार्यकारी भूमिकाबाट बिदाई र दलहरूको आम रूपान्तरण, पुनर्संरचना र पुनर्गठन चाहेका हुन्, कम्युनिस्ट वा काङ्ग्रेसकै विकल्प खोजिसकेका होइनन् भन्ने तथ्य विभिन्न माध्यम र स्वरूपबाट अभिव्यक्त भइरहेको छ। समाज र नागरिकको यसखाले कामना र चाहनाको सम्बोधन गर्न कतिपय दल र नेताहरूले पहल थालिसकेका छन् भने कतिपयले चाहिँ 'अटेरी' नै गर्न खोजिरहेको देखिन्छ।

समयको माग र जनचाहनालाई मध्येनजर गरेर दलहरूले आ-आफ्ना पार्टी, पङ्क्ति, समर्थक, शुभचिन्तक र मतदाताहरूको रक्षा गर्नेतर्फ समयमै गम्भीर पहल नथाल्ने हो भने निकट भविष्यमै यी दल तथा नेताहरूले आफ्नो औचित्य र उपादेयता गुमाउने निश्चित छ। अतः समयको स्पन्दन र नागरिकको पदचाप बुझेर सबैले आ-आफ्नो दायित्व पूरा गरून्।

## बीसौं शताब्दीका...

अहिलेसम्म इतिहासमा के देखिँदै आएको छ भने प्रतिक्रियावादी वर्गले क्रान्तिकारीहरूलाई सबभन्दा बढी आक्रमण गर्ने गर्दछन्, जसको अगुवाइमा अघि बढेको क्रान्तिकारी आन्दोलनले प्रतिक्रियावादी वर्गको स्वार्थमाथि सीधै धावा बोलेको छ र त्यो धावा अझ तीव्र तथा घनीभूत हुने स्थितिमा रहेको छ। मार्क्सलाई 'पागल' भनेर बदनाम गर्ने प्रतिक्रियावादी वर्गले लेनिनको नेतृत्वमा सम्पन्न बोल्सेभिक क्रान्तिको चोट खाएपछि आक्रमणको निशाना लेनिनतर्फ सोझ्याए। प्रतिक्रयावादीका केही प्रतिनिधिहरूले आफूलाई मार्क्सको शिष्य दावी गर्दै लेनिनमाथि गरेको धुवाँधार आक्रमण जगजाहेर नै छ। मार्क्सवादी-लेनिनवादी अर्थात् क्रान्तिकारी सिद्धान्त परित्याग गरेका दुनियाँभरका संशोधनवादीहरूले आफूहरू नै मार्क्स र लेनिनको शिष्य भएको स्वाङ पार्दै स्टालिन र माओप्रति आक्रमण केन्द्रित गरे। अझ कतिपय संशोधनवादीहरूले त स्टालिन र माओलाई समेत छुट्याएर स्टालिनप्रति ओठे समर्थन जनाउँदै माओको विरोध गर्ने गरेका छन् भने कतिले माओप्रति ओठे समर्थन जनाएर स्टालिनको विरोध गर्ने गरेका छन्। पोलपोटका विरुद्ध साम्राज्यवादी सञ्चार माध्यमहरूले गरेको तीव्र आक्रमण र फैलाएका घृणालाई पनि यसै ऐतिहासिक सन्दर्भमा बुझ्नु उचित र तथ्यसङ्गत हुन्छ।

स्टालिनपछि साम्राज्यवादीहरूले सबभन्दा बढी बदनाम गराउन चाहेका कम्युनिस्ट नेता पोलपोट नै हुन्। हुन त माओलाई बदनाम गर्न साम्राज्यवादीले कुनै कसर बाँकी राखेका छैनन् तर सबभन्दा बढी घृणित कम्युनिस्टका रूपमा भने माओका योग्य शिष्य पोलपोटलाई चित्रित गर्ने उनीहरूको प्रयास लगातार जारी छ। पोलपोटले बीसौं लाख कम्पुचियाली जनताको हत्या गरेको, आफ्नै सहकर्मी कमरेडहरूविरुद्ध षड्यन्त्र गरेर उनीहरूको हत्या गराएको जस्ता आरोपहरूलाई बारम्बार दोहोऱ्याएर दुनियाँका सामु पोलपोटलाई एउटा 'क्रूर तानाशाह' र 'हत्यारा' का रूपमा चित्रित गर्न साम्राज्यवाद, विशेषतः अमेरिकी साम्राज्यवादले तयार पारेको प्रचारको 'नेटवर्क' आफ्नो उद्देश्यमा अल्पावधिकै निम्ति भए पनि सफल भएको छ। यस्तो झुट प्रचार र अफवाहपूर्ण 'सूचना' लाई तीव्र र सघन रूपमा प्रवाहित गराइएको छ कि अरु त अरु, दुनियाँका कम्युनिस्ट क्रान्तिकारीहरू समेत पोलपोटबारे केही बोल्न हच्कन्छन्। यसको प्रत्यक्ष उदाहरणका रूपमा कम्युनिस्टहरू ठूलो शक्ति बनेर अस्तित्ववान् रहेका र जनताको ठूलो हिस्सा कम्युनिज्मप्रति आस्थावान् रहेको नेपालजस्तो देशमा पनि राम्ररी देख्न पाइएको छ। पुँजीवादी बाटो समातेका पार्टी र सेनाका उच्चपदस्थहरूले पोलपोटलाई सत्ताच्युत गर्दा, बन्दी बनाउँदा, पटक-पटक अन्तर्राष्ट्रिय अदालत (अमेरिकाको कठपुतली अदालत) मा जिम्मा लगाउने भनेर अपमानित गर्दा र यहाँसम्म कि सन्दिग्ध अवस्थामा उनको मृत्यु हुँदा समेत यहाँको वामपन्थीजगतले पोलपोटलाई महत्व दिएन र उनीबारे खासै चर्चा-परिचर्चा समेत गरिएन। एमाले विचार-वृत्तको 'मूल्याङ्कन' जस्तो 'व्यावसायिक' पत्रिकामा त्यसका सम्पादकहरूकै सोचअनुसार टिप्पणी हुनुबाहेक क्रान्तिको पक्षमा उभिने पत्रपत्रिकाले समेत पोलपोटका बारेमा बोल्न र लेख्न खासै साहस देखाएनन्। यसैले स्पष्ट हुन्छ कि सञ्चार साम्राज्यवाद आफ्नो उद्देश्यमा कम से कम अल्पावधिकै निम्ति भए पनि सफल भएको छ। पोलपोटविरुद्ध प्रतिक्रियावादीहरू, विशेषतः अमेरिकी साम्राज्यवादको तीव्र घृणा र आक्रोशका कारणहरूबारे चर्चा गर्नुअघि कम्पुचियाको इतिहासको सङ्क्षिप्त चर्चा गर्दा ती कारणहरूलाई अझ प्रस्ट्याउन मद्दत मिल्नेछ।

### कम्पुचियाको सङ्क्षिप्त इतिहास

कम्पुचिया अर्थात् कम्बोडिया एसिया महादेशको एउटा सानो तर प्राचीनतम् सुसभ्य मुलुक हो। एक लाख एकासी हजार पैंतीस वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको यो देशको जनसङ्ख्या पुगनपुग एक करोड छ। १९७६ मा त्यहाँको जनसङ्ख्या ८३ लाख ५० हजार थियो। हिन्द-चीनमा पर्ने तीन देशहरू-लाओस्, कम्पुचिया र भियतनाममध्ये भियतनाम नै सबैभन्दा ठूलो देश हो। यो कम्पुचियाभन्दा क्षेत्रफलमा दुई गुणा र जनसङ्ख्यामा झण्डै पाँच गुणा ठूलो छ। प्राचीनतम् सभ्यताको धनी कम्पुचियामा ख्रीष्टको प्रथमदेखि चौधौं शताब्दीसम्म फउनन राजवङ्शीले शासन गरेको इतिहास छ। यस कालमा आर्थिक रूपले कम्पुचिया कृषिको प्राथमिक अवस्थामा थियो।

पाँचौं शताब्दीदेखि भने चेन्-ला राजवङ्शको शासन सुरु भयो र यो सातौं शताब्दीसम्म कायम रह्यो। यस कालमा कृषिमा निकै उन्नति भएको पाइन्छ। सातौंदेखि आठौं शताब्दीसम्म कम्पुचिया इन्डोनेसियाको अधीनमा पर्न गयो। नवौं शताब्दीदेखि भने कम्पुचियामा फउनन र चेन्-ला वङ्शले संयुक्त रूपमा शासन गरे। कतिपय इतिहासकारले यो काललाई कम्पुचियाको स्वर्णयुग भनेका छन्। यही युगमा ठूलठूला जलाशयहरूको निर्माण गरियो र जलाशयका किनारमा विशाल बस्तीहरू बसाइए। विश्वप्रसिद्ध अउङ्कर भाटको मन्दिर यसै कालमा निर्माण गरिएको थियो। त्यसबेला त्यहाँको शासक बन्न इन्जिनियरिङको योग्यता आवश्यक मानिन्थ्यो। शासक स्वयम् इन्जिनियर हुने हुनाले कृषिमा नयाँ प्रविधिको विकास गर्न विशेष जोड दिइन्थ्यो र सिँचाइको समुचित व्यवस्था गरिएको थियो।

चौधौं शताब्दीदेखि राजपरिवारको अन्तर्कलहले गर्दा कम्पुचियाको अवनति सुरु भयो र आन्तरिक रूपमा त्यसरी कमजोर भएको कम्पुचियामाथि छिमेकी भियतनाम र थाइल्याण्डले आ-आफ्ना सीमाहरूबाट आक्रमण सुरु गरे। १४३१ मा तत्कालीन राजा गद्दीबाट हट्न बाध्य भए र कम्पुचियालाई थाइल्याण्डले कब्जामा लियो। थाइल्याण्डले कब्जा जमाएपछि यहाँको सिँचाइ व्यवस्थालाई समाप्त पारिएकाले दिन-प्रतिदिन यस देशको आर्थिक अवस्था खस्कँदै गयो। यस कालदेखि १९औं शताब्दीको मध्यसम्म कम्पुचियाले भियतनाम र थाइल्याण्डको आक्रमणलाई निरन्तर झेल्नुपऱ्यो। १८४१ मा त भियतनामले सम्पूर्ण कम्पुचियालाई नै निल्यो। तर, भियतनामी राजाको यो विस्तार अभियानका बेला फ्रान्सले हिन्द-चीनमाथि आँखा गाडेकाले कम्पुचियामा भियतनामको शासन चार वर्ष मात्र टिक्न सक्यो।

१८५८ मा फ्रान्सिसी युद्धपोत भियतनाम प्रवेश गऱ्यो र उपनिवेश बनायो। भियतनामलाई आधार बनाइसकेपछि फ्रान्सले सन् १८६२ मा कम्पुचियालाई पनि कब्जा गरेर उपनिवेशमा परिणत गऱ्यो। फ्रान्सिसीहरूले कम्पुचिया कब्जा गरे पनि त्यहाँको राजतन्त्र भने समाप्त पारेनन्, राजतन्त्रलाई कायमै राखेर उनीहरूले आफ्नो शासन सञ्चालन गरे।

त्यो अवधिमा फ्रान्समाथि आश्रित राजा राजधानीमै सीमित रहने र प्रान्तहरूमा सामन्तहरूको बोलवाला हुने गरेको थियो। कम्पुचियामा शासन गर्न फ्रान्सिसीहरूले मुख्य रूपमा भियतनामबाट हाकिमहरू ल्याए भने कम्पुचियामा काम गर्न चिनियाँहरू समेत ल्याइए।

कम्पुचियामा फ्रान्सको यो औपनिवेशिक शासन झण्डै ७८ वर्षसम्म निर्वाध रूपले चल्यो। १९४० मा जब जापान सम्पूर्ण एसिया महादेशकै शक्तिशाली बनेर आयो, त्यतिबेला जापानले हिन्द-चीनमाथि आक्रमण गरेर फ्रान्सको औपनिवेशिक शासन समाप्त पारी त्यहाँ आफ्नो उपनिवेश कायम गऱ्यो। तर, दोस्रो विश्वयुद्धमा जापान नराम्ररी पराजित भयो र अमेरिकाले फ्रान्सलाई नै अघि लगाएर हिन्द-चीनमाथि पुनः कब्जा जमाउने प्रयत्न गऱ्यो। हिन्द-चीन क्षेत्रमा औपनिवेशिक सत्ता कब्जा गर्ने हानाथापको सङ्घर्षमा अमेरिका र फ्रान्सले यस क्षेत्रका लगभग पाँच लाख निर्दोष जनताको हत्या गरे। हिन्द-चीनका जनतालाई आफ्नो वशमा राख्न साम्राज्यवाद, विशेषतः अमेरिकी साम्राज्यवादले भीषण नरसंहार मच्चायो। वस्तुतः साम्राज्यवादको मूल चरित्र नै नरसंहार र युद्ध हो।

१९५० मा कम्युनिस्ट पार्टीको गठन हुनुपूर्व साम्राज्यवाद विरोधी आन्दोलनले सही दिशा समात्न सकेको थिएन। पोलपोट, तोई सामोथ आदि नेताहरूको पहलमा १९५० मा कम्युनिस्ट पार्टीको गठन भएपछि नै सामन्तवाद-साम्राज्यवाद विरोधी आन्दोलनले सही दिशा र गति समात्यो। १९६० को दशकको पूर्वार्द्धमा राजकुमार सिंहानुकको दक्षिणपन्थी सरकारले कम्युनिस्ट विरुद्ध व्यापक दमन अभियान सुरु गऱ्यो। यही दमनको क्रममा नै लाल खमेरहरूले आफ्नो आधारक्षेत्रको विकास र विस्तार गरे। ६० को दशकको उत्तरार्द्धमा भने सिंहानुकले राष्ट्रवादी अडान लिएर कमाल पाशा, डा. सन् यात सेन आदिको बाटो समात्न खोजे। १९७० मा अमेरिकी दलाल 'लोन नोल' लाई अगाडि उभ्याएर सीआईएले सिंहानुकविरुद्ध 'कु' (Coup-de) गरायो; सिंहानुक भागेर चीन पुगे। त्यसपछि मात्रै खमेररूजसँग संयुक्त मोर्चा गठन गर्न सिंहानुक तयार भए।

पोलपोटको नेतृत्वमा 'गाउँले सहर घेर्ने' रणनीतिअनुसार अघि बढेको सशस्त्र कृषि क्रान्तिले अमेरिकालाई बज्रमुक्का चखाएपछि ऊ पछि हट्न बाध्य भयो। अप्रिल, १९७५ मा खमेररूजको जनसेनाले राजधानी नोमपेन्ह कब्जा गरेपछि भने कम्पुचियामा अमेरिकी प्रभाव पूर्णरूपले समाप्त भयो।

गृहयुद्ध र बाह्य आक्रमणद्वारा जर्जर भएको कम्पुचियामा कम्युनिस्टहरूको शासन सुरु भएपछि देश पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्ने दिशामा तीव्र गतिले अघि बढ्यो। यस अवधिमा सोभियत सामाजिक साम्राज्यवाद आक्रामक स्थितिमा पुगिसकेको थियो। हो-ची मिन्हको मृत्युपछि भियतनामको सत्ता कब्जा गर्न पुगेको लेदुआन गुटले भियतनामलाई रूसी सामाजिक साम्राज्यवाको हवलदार तथा क्षेत्रीय प्रभुत्ववादी शक्तिका रूपमा परिणत गरिसकेको थियो। रणनीतिक रूपले एसियाको सर्वाधिक महत्वपूर्ण क्षेत्र हिन्द-चीनमा सर्वहारावर्गको नेतृत्वको सरकार कायम हुनु अमेरिका तथा रूस दुवैका निम्ति चिन्ताको विषय बनेको थियो। कुनै दबाव र प्रलोभनले क्रान्तिकारी सरकारका प्रधानमन्त्री तथा खमेररूज पार्टीका सर्वोच्च नेता पोलपोटलाई काबुमा ल्याउन नसकेपछि भियतनामले सन् १९७९ मा कम्पुचियामा हमला गऱ्यो। रूसको पूर्ण सहयोगमा भएको यो हमलाबाट अमेरिका पनि प्रसन्न थियो। उता, कम्पुचियाको मित्रदेश चीनमा प्रतिक्रान्ति नै सुरु भएको थियो। मार्क्सवाद-लेनिनवाद-माओवादप्रति गद्दारी गरेर तेङको दक्षिणपन्थी लाइनलाई समर्थन गर्नुभन्दा पुनः जङ्गल गएर 'दीर्घकालीन जनयुद्ध' थाल्ने महान् बाटो खमेर नेता पोलपोटले रोजे। तर, उनकै पार्टीका कतिपय नेताहरूले भने यो कष्टसाध्य तर महान् बाटोमा हिँड्ने हिम्मत गुमाइसकेका थिए। यसरी खमेररूजभित्र दुईलाइन सङ्घर्ष तीव्र बन्दै गइरहेको थियो भने भियतनामले चाहिँ नोमपेन्ह कब्जा गरेर आफ्नो कठपुतली हेङ सामरिनको सरकार स्थापना गऱ्यो।

### खमेररूज सत्ताअघि कम्पुचियाको आर्थिक स्थिति

कम्पुचियालाई १८६२/६३ मा फ्रान्सको उपनिवेश बनाइएपछि पनि त्यहाँ राजतन्त्र कायमै रहेकाले ग्रामीण अर्थनीति र सामन्ती सम्बन्धहरू यथावत रहे। लाओसलाई छाडेर अन्य छिमेकी देशहरूको तुलनामा कम्पुचियामा जनघनत्व अत्यन्त न्युन थियो र अद्यापि त्यही अवस्था छँदैछ। यहाँ चीन र भियतनामको जसरी ठूला जमिनदारको विकास भएन। सम्पूर्ण जमिनको मालिक राजा र जमिनमाथि खेती गर्नेहरूको नियन्त्रण रहनुको कारण कम्पुचियामा साना किसानहरूकै बाहुल्य थियो। तर, त्यहाँ धेरैवटा गाउँहरूलाई मिलाएर एउटा एकाइ तयार पारिएको थियो। यसमाथि ता सेइङ (मुखिया) हरूको सामन्ती प्रभुत्व कायम भएको थियो।

आफ्नो आवश्यकता आफैंले पूरा गर्ने पछौटे कृषि प्रणाली कायम रहेकाले न व्यापार फस्टायो न त उद्योगको पूर्वाधार नै तयार भयो। विशाल ग्रामीण इलाकामा वस्तु-विनिमय हुने हुनाले निकै पछिसम्म पनि मुद्राको प्रचलन समेत भएन। नुन, रक्सी, अफिम आदिमा फ्रान्सको एकाधिकार कायम भएकाले दलाल पुँजीपतिहरूको जन्म भयो। तर, गाउँमा ठूला सामन्तहरूको जन्म भने हुन सकेन। यी दलाल पुँजीपतिहरू मुख्यतः चीन तथा भियतनामबाट आएका व्यापारीहरू थिए। यी दलालहरूले कृषकलाई खेतीको समयमा ऋण दिन्थे, त्यो पनि २०० देखि ३०० प्रतिशतसम्म ब्याज तिर्ने सर्तमा। उनीहरूले त्यस्तो ऋण बाली भित्र्याएपछि असुल गर्दथे। यति भएर पनि किसानको हातबाट जमिन बेदखल हुने भयो तर जमिनको स्वामित्वको केन्द्रीकरण भने भएन। यसो हुनुमा दुईवटा कारणहरूले काम गरे- १) चिनियाँहरूले किसानको जमिन किन्न नपाउने गरी सन् १९२९ मा कानुन निर्माण हुनु २) आफैंले जग्गा लिनुभन्दा स्थानीय कृषकहरूलाई नै जोताएर बालीको उपज कब्जा गर्दा लाभदायक हुने ठम्याइ चिनियाँ र भियतनामीहरूमा हुनु।

मुख्य कुरा त फ्रान्सले कम्पुचियामा पुँजीवादी उन्नति गराउने कुरामा कुनै चासो नै लिएन र लिएकै भए पनि साम्राज्यवादको चरित्रका कारण त्यस्तो विकास हुन सम्भव पनि थिएन। एक समयका क्रान्तिकारी साम्फानले आफू क्रान्तिकारी रहेको अवस्थामा भनेका थिए- "कम्पुचियामा पुँजीवादको विकास नहुनुको एक कारण साम्राज्यवादले पछौटे देशलाई आफ्नो आवश्यकतापूर्तिका निम्ति केवल उपयोग गर्ने नीति बनाउनु हो।"

साम्राज्यवादको प्रवेशपछि पनि जमिनबाट किसान उच्छेदित नै रहे र भूस्वामित्व सङ्केन्द्रण कम्पुचियामा नभएकाले यहाँ अन्य देशमा जस्तो ग्रामीण भूस्वामी र किसानबीचको अन्तर्विरोधले प्रमुखता पाउन सकेन। यसको विपरीत साम्राज्यवादमा निर्भर सहरवासी दलालहरूसँग ग्रामीण किसानको द्वन्द्वले प्रमुख अन्तर्विरोधलाई कतिपय अवस्थामा सहर र ग्रामबीचको द्वन्द्वका रूपमा चित्रित गर्ने प्रयत्नहरू भए। यसै विशिष्टतालाई उजागर गर्दै क. पोलपोट भन्दछन्- "क्रान्तिपूर्व कम्पुचियामा कृषि अर्थतन्त्र अत्यन्त पछौटे अवस्थामा थियो। समस्त जनसङ्ख्याको ७५ प्रतिशत मात्र साना-मझौला किसान थिए। क्रान्तिपछिको कृषि अर्थनीतिलाई बुझ्न यो वास्तविकताको हेक्का राख्नु जरुरी छ।"

साम्राज्यवादले अतिरिक्त पुँजीलाई पछौटे देशमा निर्यात गर्ने गरेको भारत, चीन आदिका सन्दर्भमा देखिन्छ। तर, कम्पुचियामा त्यो पनि भएन। फ्रान्सले चीनमा नै उद्योगहरूको स्थापना गरेर वा पुँजी निर्यात गरेर कम्पुचियालाई ती उद्योगका निम्ति आवश्यक कच्चा माल प्रदान गर्ने अवस्थामा मात्र राख्यो।

१८७० पछि साम्राज्यवादले कम्पुचियामा रबर बगैंचाको सुरुआत गऱ्यो। तर, यसले त्यहाँको परम्परागत अर्थतन्त्रलाई खासै प्रभावित पार्न सकेन। ब्रिटेनले भारतमा चिया बगैंचाहरू सुरु गर्दा त्यसले भारतमा पुँजी बढाउने काम गऱ्यो तर कम्पुचियामा त्यस्तो भएन। जनसङ्ख्याको तुलनामा जमिन अत्यधिक मात्रामा बढी भएकाले कम्पुचियाको कृषिमा बगैंचाका निम्ति जमिन दखलले प्रान्तीयस्तरमा समेत कुनै धक्का दिन सकेन। यी बगैंचाहरू त वास्तवमा 'देशभित्रैका विदेश' बने। कम्पुचियाका कृषकहरूले ती बगैंचालाई कहिल्यै आफ्नो ठानेनन् र ती बगैंचा कृषि अर्थतन्त्रको अङ्ग समेत बनेनन्। जमिनमाथि जनसङ्ख्याको धेरै चाप नभएकाले जमिनबाट कृषकहरू उच्छेद हुने र

क्रमशः चौथो पृष्ठमा

# कर्मठ युवाहरूले हावामा कुद्नु हुँदैन : अध्यक्ष ओली

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष एवं निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले देश बनाउने कर्मठ युवाहरू जिम्मेवार रूपमा प्रस्तुत हुनुपर्नेमा जोड दिएका छन् । भक्तपुरको सूर्यविनायकस्थित निवासमा युवा संघ नेपालका पदाधिकारी एवं कार्यकर्ताहरूलाई सम्बोधन गर्दै उनले युवाहरू देशभक्तिको भावका साथ अत्यन्तै जिम्मेवार भएर अघि बढ्नुपर्नेमा जोड दिएका हुन् ।

'हामीले समाजलाई सुसंस्कृत, सभ्य र विकसित बनाउन लाग्नुपर्छ । असभ्य र गैह्रजिम्मेवार हुनु हुँदैन । देश र समाजप्रतिको कर्तव्य बुझेर युवाहरूले काम गर्नुपर्छ' उनको भनाइ थियो 'युवाहरू हावामा कुद्न हुँदैन ।' उनले 'जेन-जी' प्रदर्शनका क्रममा देशले ठूलो क्षति व्यहोर्नुपरेकामा चिन्ता व्यक्त गर्दै नेपाल र नेपालीलाई माया गर्नेले त्यसरी आगजनी, तोडफोड र लुटपाट गर्न नसक्ने धारणा व्यक्त गरे ।

'बादल लाग्यो भन्दैमा फेरि आकाश उघ्रँदैन भन्ने होइन । साँझ परेपछि सधैँ साँझ परिरहन्छ भन्ने होइन । बिहानी पनि आउँछ । उज्यालो हुन्छ' उनले थपे 'हामीले हरेस खानु हुँदैन ।'

# पाँच दलका केन्द्रीय नेताद्वारा पार्टी एकताका लागि संयुक्त अपिल

**काठमाडौं ।** जनता समाजवादी पार्टी (जसपा) नेपाल र त्यसबाट अलगिएर बनेका दलहरूका केन्द्रीय नेताहरूले पार्टी एकताका लागि पार्टी नेतृत्वलाई संयुक्त अपिल गरेका छन् ।

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल, महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का केन्द्रीय नेताहरूले संयुक्त अपिल जारी गर्दै समान विचार, सिद्धान्त र मुद्धा बोकेका पार्टीलाई एकताबद्ध बनाइ वैकल्पिक पार्टी निर्माणको दिशामा अगाडि बढ्न नेतृत्वसँग माग गरेको जसपाका प्रचारप्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए ।

'संघीय लोकतान्त्रिक गणतन्त्रलाई आत्मसात गर्ने समाजवादी विचारका हामी युवा प्रतिनिधि 'जेन-जी' आन्दोलनपछि विकसित घटनाक्रमका सन्दर्भमा छलफल गर्ने क्रममा एउटा साझा निष्कर्षमा पुगेका छौं । समान विचार, सिद्धान्त र मुद्धा बोकेका पार्टीलाई एकताबद्ध बनाई वैकल्पिक पार्टी निर्माणको दिशामा अगाडि बढ्नु उपयुक्त हुने हाम्रो ठहर रहेको छ । विगतमा भएका कमी-कमजोरीलाई सच्याउँदै समाजवादी आन्दोलनलाई एकताबद्ध र सुदृढ गर्न सम्बद्ध दलको नेतृत्वसँग हामी जोडदार माग गर्दछौं' सो अपिलमा भनिएको छ । मुलुकको आवश्यकता, आन्दोलनको मर्म, पार्टीका आम कार्यकर्ता र पार्टी सदस्यको भावनालाई नेतृत्वले गम्भीरताका साथ आत्मसात गर्ने अपेक्षा गरेको अपिलमा उल्लेख गरिएको छ ।

उक्त संयुक्त अपिलमा जसपा नेपालका केन्द्रीय सदस्य एवं प्रचार विभाग प्रमुख पूर्ण बस्नेत र केन्द्रीय सदस्य खेमराज खड्का, लोसपा नेपालका केन्द्रीय सचिव रामेश्वर यादव र केन्द्रीय सदस्य सुजन यादव, जसपाका केन्द्रीय सदस्यहरू प्रेमनारायण थापा, अर्जुन लम्साल र ज्ञानु आचार्य, नागरिक उन्मुक्ति पार्टीका केन्द्रीय सदस्यहरू दीपबहादुर तामाङ, गीता चौधरी र दोर्जे तामाङ र नेसपा (नयाँ शक्ति) का विष्णुप्रसाद पौडेल र प्रकाश भट्टराईले हस्ताक्षर गरेका छन् ।

# राष्ट्रपति र प्रधानमन्त्रीबीच भेटवार्ता

**काठमाडौं ।** राष्ट्रपति रामचन्द्र पौडेल र अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीबीच बिहीबार भेटवार्ता भएको छ ।

राष्ट्रपतिको सचिवालयका अनुसार राष्ट्रपति भवन शीतल निवासमा भएको सो भेटका क्रममा राष्ट्रपति र प्रधानमन्त्रीबीच समसामयिक राजनीति, आगामी फागुन २१ को प्रतिनिधिसभा निर्वाचन तथा सुरक्षा अवस्थाका बारेमा छलफल भएको हो ।

# २ महिनामा ५२२ मेट्रिकटन अलैंची निर्यात, चियाको निर्यात घट्यो

**काठमाडौं ।** मेची भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो दुई महिनामा अलैंची निर्यात ४३ दशमलव ९० प्रतिशतले वृद्धि भएको जानकारी दिएको छ । मेची भन्सारबाट गत दुई महिनामा ८५ करोड ९६ लाख ११ हजार बराबरको अलैंची निर्यात भएको हो ।

मेची भन्सार कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंका अनुसार सो अवधिमा ५२२ मेट्रिक टन अलैंची निर्यात भएको थियो । उनले आव २०८१/८२ को पहिलो दुई महिनाको अवधिमा ५९ करोड ७३ लाख ५२ हजार बराबरको अलैंची निर्यात भएको बताए । चालु आवको दुई महिनामा चियाको निर्यात ३४ प्रतिशतले घटेको मेची भन्सारको तथ्यांकमा उल्लेख छ । उक्त अवधिमा ७५ करोड तीन लाख ४८ हजार बराबरको चिया निर्यात भएको छ । सूचना अधिकारी हुमागाईंका अनुसार आव २०८१/८२ को यही अवधिमा एक अर्ब १३ करोड ७४ लाख ८ हजार बराबरको चिया निर्यात भएको थियो ।

भन्सार कार्यालयको तथ्यांकअनुसार निर्यात हुने मुख्य वस्तुहरूमा छुर्पी ९८ दशमलव ३० प्रतिशत, काउली, ब्रोकाउली र बन्दागोपी १५५ दशमलव २० प्रतिशत, भेनियर सिट ७४ प्रतिशत, मुसुरो दाल ६५५ दशमलव १० प्रतिशतले वृद्धि भएको छ ।

यसैगरी, फलामे पाता ९३ दशमलव ४० प्रतिशत, अदुवा ४१ दशमलव ८० प्रतिशत र अम्रिसो ३० दशमलव १० प्रतिशतले कमी आएको सूचना अधिकारी हुमागाईले जानकारी दिए । मेची भन्सारबाट चालु आवको दुई महिनामा तीन अर्ब ६ करोड ३७ लाख ३९ हजारको मालवस्तु निर्यात भएको छ ।

# ठूला पहिरो र उर्लिंदो खोला : ग्रामीण सडक झनै सास्ती

**काठमाडौं ।** तीन महिनाअघि देखि नै सिधा सडक सञ्जालसँग टुटेको बागलुङ जिल्लाकै सबैभन्दा विकट गाउँ नर्जाखानीका स्थानीयलाई घण्टौं पैदलयात्रा गरेर गन्तव्यमा पुग्नुपर्ने बाध्यता छ । ग्रामीण सडकको बीच-बीचमा पर्ने खोलामा पुल नबन्दा गाडीले खोला नतर्ने मात्र होइन ठूला पहिरो कारण सडक पुरिएर नर्जाखानीसम्म पुग्ने पैदलयात्रामा निकै सास्ती खेप्नु पर्ने हुन्छ ।

तमानखोला गाउँपालिका-६ मा पर्ने नर्जाखानी पुग्न विभिन्न आधा दर्जन स्थानमा खोला तर्नुपर्ने र ती खोलामा पुल नबन्दा बर्खाको करिब चार महिना यातायात ठप्प हुने गरेको छ । स्थानीय तह स्थापनापछि सडकले जोडिएको नर्जाखानीका स्थानीय अहिले पनि दैनिक उपभोग्य सामान बोकेरै उपभोग गर्छन् । गाउँपालिकाको केन्द्र बोङ्गादोभान बजारदेखि नर्जाखानीसम्म बाह्रैमहिना सडक सञ्चालन गर्न पाँच स्थानमा मोटरेबल पुल बन्नुपर्ने हुन्छ । नर्जाखानीसँगै पाल्ले र भित्रिवन गाउँ अहिले सडक सञ्जालभन्दा टाढा छन् । तीन महिनाभन्दा बढी समय सडक बन्द हुँदा गाउँमा सामान ढुवानी गर्न समस्या भएको स्थानीय तमबहादुर छन्त्यालले बताए । हिउँदमा सडकले धेरै सुविधा दिए पनि बर्खामा समस्या मात्रै बनाएको उनको गुनासो छ 'सडकमा ठूला-ठूला पहिरो आएर बसेको छ । खोला उर्लिएर गाडी हिँड्ने ठाउँमा पुगेको छ, दसैं आयो, सडक खुलेन, हामीहरू धेरै मर्कामा छौं ।' दसैं-तिहारजस्ता चाडवाडका बेला गाडीमै सामान ल्याउन पाए धेरै सजिलो हुने कल्पना गर्दै उनले खोलामा पुल बने पाँच-छ घण्टा भारी बोकेर हिँड्नुपर्ने बाध्यताबाट छुट्कार मिल्ने बताए ।

तमानखोला गाउँपालिका- ५ का वडाध्यक्ष चित्रबहादुर छन्त्यालले बर्खामा गाडी नचल्दा बिरामीलाई अस्पताल पुऱ्याउन र यात्रा गर्न सबैभन्दा बढी समस्या हुने गरेको सुनाए । उनले खोलामा पानीको बहाव नघट्दा ठाउँ-ठाउँमा पहिरोले पुरिएको सडक समेत खुलाउन नसकिएको गुनासो पोखे । तमानखोलाका अध्यक्ष जोकलाल बुढा मगरले भौगोलिक विकटताका कारण एक गाउँदेखि अर्को गाउँमा पुग्न धेरै ठाउँमा खोला तर्नुपर्दा नागरिकले समस्या भोग्नु परेको बताए । उनले खोलामा पानीको बहाव कम भएपछि सडक सञ्चालनमा ल्याउने योजना बनाए पनि वर्षा नरोकिएकाले दसैं अगाडि सबै सडक सञ्चालनमा आउने सम्भावना कम रहेको बताए ।

'दसैं तिहार आयो, सबै सडक खुलाउने तयारी गरिरहेका छौं' उनले भने । एउटा मोटरेबल पुल निर्माण गर्न करोडौंको बजेट चाहिने तर पालिकासँग त्यत्रो बजेट नहुँदा वर्षौंदेखि स्थानीय नागरिकले सास्ती खेप्नु परिरहेको उनको गुनासो थियो ।

# गण्डकीका ४ सय ६१ कैदीबन्दी अझै फरार

**काठमाडौं ।** गत भदौ २३ र २४ गतेको 'जेन-जी' प्रदर्शनका क्रममा विभिन्न कारागारबाट भागेका ११ सय ९५ कैदीबन्दीमध्ये आइतबारसम्ममा ७ सय ३४ कैदीबन्दी कारागार फर्किए पनि ४ सय ६१ अझै फरार अवस्थामा रहेको गण्डकी प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक तुलबहादुर कार्कीले जानकारी दिएका छन् ।

सूचना अधिकारी कार्कीका अनुसार कास्की कारागारबाट भागेका ७ सय ७३ कैदीबन्दीमध्ये ३ सय ८१, तनहुँ कारागारबाट भागेका ३ सय २७ मध्ये दुई सय ७६, म्याग्दी कारागारबाट भागेका ७६ मध्ये ६७ जना र पर्वत कारागारबाट भागेका १९ मध्ये १० जना कैदीबन्दी फर्किएका हुन् । कतिपय कैदीबन्दी आफैं फर्किए पनि केहीलाई भाग्ने क्रममा नियन्त्रणमा लिएको जानीकार दिँदै उनले कास्की कारागारबाट भागेका ३ सय ९२, तनहुँ कारागारका ५१, म्याग्दी र पर्वत कारागारका ९/९ जना कैदीबन्दीलाई अझै पक्राउ पर्न नसकेको बताए ।

जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक हरिबहादुर बस्नेतले भागेका कैदीबन्दीलाई कारागार फर्काउन प्रहरी सक्रिय रहेको बताए । 'जेन-जी' प्रदर्शनका क्रामा चारवटै कारागारमा रहेका कुल १२ सय ८१ कैदीबन्दीमध्ये ११ सय ९५ जना भागेका थिए । प्रदेशस्थित अन्य केही कारागार कार्यालयबाट कैदीबन्दी भाग्न खोजे पनि कडा सुरक्षा व्यवस्थाका कारण उनीहरू भाग्न पाएका थिएनन् ।

जिप्रका कास्कीको हिरासतबाट भागेका ८३ थुनुवालाई पनि खोजी गरी नियन्त्रणमा लिने काम भइरहेको सूचना अधिकारी बस्नेतले बताए । जिल्लाकै सराङकोटमा रहेको बाल सुधारगृहबाट भागेका एक सय ६ जना बाल बन्दीमध्ये ४६ जना सुधारगृहमा फर्किएको छन् । कारागार र प्रहरी कार्यालयले भागेका कैदीबन्दीलाई आफैं कारागार फर्कन सुरुदेखि नै आग्रह गरेका छन् ।

टोल-छिमेक र समुदायमा कसैले भागेर गएका कैदीबन्दी वा थुनुवा देखेमा कारागार कार्यालय र प्रहरीमा खबर गर्न अनुरोध गरिएको सूचना अधिकारी बस्नेतले बताए । कारागार व्यवस्थापन विभागले कैदीबन्दी आफैं कारागार नफर्किएमा विशेष सुरक्षा अपरेशन सञ्चालन गरेर उनीहरूलाई फर्काउने योजना बनाएको छ ।




# बीसौं शताब्दीका...

उद्योगमा सामेल हुने प्रक्रिया त्यहाँ चालु हुनै सकेन। त्यसविपरीत रबर उद्योगका निम्ति भियतनामबाट श्रमिकहरू आयात गरिए। १९५४ मा फ्रान्सेली औपनिवेशिक शासनको समाप्तिपछि औपनिवेशिक सम्बन्ध नवऔपनिवेशिक सम्बन्धमा रूपान्तरित भयो। तर, शोषणको मौलिक चरित्रमा कुनै हेरफेर भएन।

१९५४ पछि सिंहानुकले राष्ट्रिय उद्योगको विकास गर्ने प्रयास सुरु गरे र अमेरिकासँग सम्पूर्ण रूपले सम्बन्ध-विच्छेद गरे। तर, उनको यो प्रयत्नले नोकरशाही पुँजीवाद मात्रै फस्टायो। सार्वजनिक क्षेत्रका उद्योगहरू भ्रष्टाचार, ढिलासुस्ती, कमजोर प्रवृत्ति र प्रशासनका कारण घाटामा गए र यो नोक्सानी पूरा गर्न गाउँका गरिबहरूको पेट काटियो। अर्थतन्त्रको तृतीय क्षेत्र अर्थात् वाणिज्य, होटल-रेस्टुराँ, बीमा प्रतिष्ठान, आमोद-प्रमोद केन्द्र आदिको त विकास भयो तर उत्पादनशील खालको अर्थतन्त्र विकसित हुन सकेन। सिंहानुकका नीतिहरूको परिणाम नकारात्मक बन्न पुग्यो। यो स्थितिको फाइदा अमेरिकाले उठायो। १८७० मा सिंहानुकलाई अपदस्थ गरेपछि कम्पुचियालाई अमेरिकाले युद्धस्थलमा फेरिदियो।

'गाउँले सहर घेर्ने' रणनीतिअन्तर्गत अघि बढिरहेको खमेररूजले देशको अधिकाङ्श ग्रामीण इलाकामा आफ्नो आधार मजबुत पारिसकेको थियो। सहरमा भने अमेरिकापरस्त लोन नोलको सरकार कायम थियो। यही गृहयुद्धका कारण सहरमा जनसङ्ख्याको चाप तीव्र रूपमा बढ्दै गएको थियो। सहरमा भियतनाम, चीन आदि देशबाट आएका र कम्पुचियाकै समेत दलाल पुँजीपतिहरूको वर्चश्व थियो। विशाल ग्रामीण क्षेत्रमा जनयुद्ध घनिभूत भएका कारण गाउँका प्रतिक्रियावादीहरू र तिनका विषालु प्रचारकहरूको प्रभावमा परेका जनता समेत सहरमा ओइरिएका थिए। मुख्य कुरा त हिन्द-चीनमा अमेरिकाले गरेको बमवर्षा र कार्पेट बम्बिङ पुनः दोहोरिने डरले समेत गाउँबाट जनता सहरतर्फ पलायन भएका थिए। गाउँबाट आएका यी लाखौं जनताका निम्ति सहरमा कुनै काम थिएन। दलालहरूको पुँजी केवल वित्तीय क्षेत्रमा केन्द्रित रहेकाले सहरी क्षेत्र परजीवीहरूको अखडा बनिसकेको थियो। यसैको परिणामस्वरूप कृषिको विशाल सम्भावना भएको कम्पुचियामा पोलपोटहरूले कब्जा गर्दाताका खाद्य सङ्कट चरम अवस्थामा थियो। जनसेनाले कब्जा गरेका बेला सहरमा केवल छ दिनका निम्ति खाद्यान्न सञ्चित थियो। त्यति बेला नोमपेन्हमा झण्डै ३० लाख जनताले आश्रय लिएका थिए। विदेशी शक्तिहरू यही खाद्य अभाव र भोकमरीलाई उपयोग गरेर गञ्जागोल मच्चाउन पूर्ण रूपले जुटेका थिए। यसप्रकारको विकराल आर्थिक स्थिति, सामाजिक साम्राज्यवादको अवरोध र अझ खास गरी क्षेत्रीय प्रभुत्ववादको सम्भावित हमलाको स्थितिमा कम्पुचियाको सत्ता पोलपोट नेतृत्वको कम्युनिस्ट पार्टीको हातमा आएको थियो।

**खमेररूजको शासनकाल**

हिन्द-चीन (Indo-China) मा पहिले कहिल्यै नभएको जटिल अवस्था सिर्जना भएका बेला खमेररूज सत्तामा पुग्यो। खाद्य सङ्कटको समाधान र गडबडी रोक्ने कामलाई नयाँ सरकारले प्रमुख प्राथमिकतामा राख्यो। त्यसबेला यही काम आवश्यक थियो। यी समस्याको समाधानका निम्ति सहरमा थुप्रिएका जनतालाई गाउँ पठाउनु अनिवार्य थियो। किनभने, ती मान्छे यथार्थतः ग्रामीण जनता नै थिए। तिनीहरूलाई गाउँ फर्काउन मद्दत गर्नु एक मात्र सम्भव र उचित कदम थियो। 'पोलपोटले सहरका जनतालाई जबर्जस्ती धपायो' भन्ने साम्राज्यवादीहरूको कोकोहोलो तथ्यहीन आरोप मात्र हो। राजनीतिको क्षेत्रमा पनि खमेररुजले प्रभावकारी पहलकदमी लियो। यसका निम्ति सहरका कामकाजलाई सङ्गठित गर्नु जरुरी थियो। विशाल ग्रामीण क्षेत्रमा त दशकौं अघिदेखि नै क्रान्तिकारीहरूले स्थानीय सरकार चलाउँदै आएका थिए तर सहरका सम्बन्धमा उनीहरूसँग त्यस्तो कुनै अनुभव थिएन।

आर्थिक क्षेत्रमा क्रान्तिकारी सरकारको नीति बुझ्न पोलपोटका निम्न भनाइहरू औधि उपयोगी छन्; जो आफू सत्तामा आउनासाथ उनले भनेका थिए- "पुरानो राज्यव्यवस्थामा एकतिर यहाँका कारखानाहरू कच्चा मालका निम्ति विदेशमाथि निर्भर थिए र अर्कातिर विकसित राष्ट्रहरू आफ्ना उद्योगहरूका निम्ति कम्पुचियाको कच्चा मालको निर्वाध शोषण गर्दथे। हामी यो स्थितिको अन्त्य गर्न चाहन्छौं। हाम्रो प्राथमिकता ती सवै कारखाना जनगणको सेवा गर्ने खालका छन् र कृषिको उन्नतिका निम्ति सहायक हुन सक्छन्।" आफ्नो अल्पावधिको शासनमा आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र र पुँजीवादको विकासको दिशामा खमेररूजले चालेका कदमहरू मार्क्सवाद-लेनिनवादसम्मत र कम्पुचियाको ठोस स्थितिसँग मेल खाने खालका थिए।

खिउ साम्फानले आफ्नो पीएचडी शोधपत्रमा लेखेका छन्- "कृषक जनताको सुषुप्त शक्तिलाई ठीक ढङ्गले सङ्गठित गरे तिनको क्षमतामा सयगुणा वृद्धि हुनेछ। त्यसरी मात्रै खेतीका लागि नयाँ जमिन तयार पार्न, बाढीबाट रक्षा गर्न र सिँचाइको प्रबन्ध गर्न सम्भव हुनेछ।" मूलधनविनाको आर्थिक अवस्थामा स्वावलम्बी विकासका निम्ति त्योभन्दा अर्को बाटो पनि थिएन। दक्षिण एसियामा चलिरहेको विकृत ढङ्गको विकासको बाटो छाडेर खमेररूजजे आफ्नै खुट्टामा उभिने कोसिस गर्‍यो। १९७६ मा ओपेक (खनिज तेल उत्पादक देशहरूको सङ्गठन) का राष्ट्रहरू कम्पुचियालाई ३६ लाख पेट्रो डलर सहयोग गर्न चाहन्थे, त्यसलाई खमेररूजले अस्वीकार गर्‍यो। समाजवादी चीनबाट गरिएको सहयोगलाई मात्र उसले स्वीकार गर्‍यो। हिजो 'बाघ' भनिएका दक्षिण एसियाका देशहरूको अहिलेको हालत हेर्दा पोलपोटको अगुवाइमा तयार पारिएको कम्पुचियाको आर्थिक नीति सही थियो भन्ने कुरा ठोस रूपमै प्रमाणित भएको छ।

प्रतिक्रियावादीहरूले गरेको अनर्गल प्रचार विपरीत त्यतिबेला कम्पुचियाको आर्थिक तथा राजनीतिक स्थिति राम्रो थियो भन्ने कुराको ठोस प्रमाण त सिंहानुकका निम्न अनुभवहरू नै हुन्।

कहिल्यै कम्युनिस्ट नभएका र ६० को दशकको पूर्वार्द्धमा कम्युनिस्टमाथि निर्मम दमन अभियान चलाएका राजकुमार सिंहानुकले कम्पुचियाको ग्रामीण इलाका घुमेपछि आफ्नो अनुभूति प्रकट गर्दै भनेका थिए- "म ठूलो जलाधार छेउका केही प्रदेश घुम्न सफल भएँ। त्यहाँका जनता कठोर परिश्रम गर्दछन् किन्तु तिनीहरू दुःखी छैनन्। बरु उल्टै उनीहरू हाँसीखुसी छन्। मैले गीत सुनें- प्रेमको गीत, होइन-होइन, विद्रोहको गीत। गीत खराब छैन। केटाहरू खेल्दछन्। हाम्रोजस्तो राम्रो नभए पनि तिनीहरूको खाना नराम्रो छैन। खाने ठाउँ सफा छ र पकाइ राम्रो छ। मानिसहरू दुब्ला र ख्याउटे छैनन्। तिनीहरू राम्रो खान्छन्। त्यहाँको जीवन राम्रो छ, साँच्चिकै राम्रो छ। पहिलेजस्तो कोही खुबै धनी, कोही साह्रै गरिब रहने अवस्था अब छैन। सामाजिक न्याय प्राप्त भएकाले नै यस्तो हुन सकेको हो। यसलाई कम्पुचियाका अधिकाङ्श मानिसले रुचाएका छन्।"

कम्पुचियाका गाउँमा ठूलठूला सामन्तहरूको सङ्ख्या अत्यन्त न्यून रहेकाले दलालहरूद्वारा जनसङ्ख्याको ठूलो हिस्सा ओगटेका साना तथा मझौला किसानको शोषण हुने गर्दथ्यो। सहरमा बस्ने ती दलालहरू कृषकहरूलाई ऋण दिने र दुई सयदेखि तीन सय प्रतिशतसम्म ब्याज असुल्ने, बाली नउठाउँदै सस्तोमा फसल किन्ने र अनिकालको बेलामा तिनै उत्पादक किसानलाई महँगो दरमा बेच्ने काम पनि यिनै दलालहरूले गर्दथे। सहरमा बसाइ भएका यी दलालहरूको माथिल्लो तप्का चिनियाँ तथा भियतनामी भएकाले यिनीहरू किसानको जमिन भने हडप्दैनथे, किसानलाई उच्छेद नगरीकनै आफ्नो शोषण जारी राख्दथे। यी परजीवी दलाल र गाउँका किसानहरूका बीचको चर्को अन्तर्विरोध कतिपटक त सङ्घर्षका रूपमा समेत अभिव्यक्त हुन्थ्यो। यो अन्तरर्विरोधको समाधान गर्नु क्रान्तिकारी सरकारको एउटा प्रमुख काम बनेको थियो। खमेररूज सरकारले यसलाई क्रमशः हल गर्दै लग्यो। कृषिप्रधान देशले सहरमा त्यसरी थुप्रिएका, किसान पृष्ठभूमिबाटै आएका जनतालाई गाउँमा फर्काएर फेरि कृषि कर्ममै जुटाउनु अत्यावश्यक र सम्भव कुरा थियो।

कम्पुचियाको क्रान्तिकारी सरकारले अर्थतन्त्रबाट मुद्राको प्रचलन हटाएको भन्दै तथाकथित सभ्यजगत्मा ठूलो हलचल पैदा भयो। यही हलचलका बेला हेङ सामरिन सत्तामा आए। कतिपयले 'सामरिनले ठीक बोल्दैछ' भन्ने सोचे। तर, वास्तवमा कम्पुचियाको इतिहास र विशेषतः त्यहाँका ग्रामाञ्चलको अध्ययन गर्दा क्रान्तिपूर्व कम्पुचियामा मुद्राको खास प्रचलन नै थिएन; वस्तु विनिमयबाटै किसानहरूले आफ्ना आवश्यकताको पूर्ति गर्दथे। नगद कारोबार त केवल सहरहरूमा मात्र हुन्थ्यो र त्यस्तो नगद गाउँमा गएर तीव्र शोषण गरी फेरि सहरमै फर्कन्थ्यो। खमेररूजले सत्ता कब्जा गर्दा देशको कूल मुद्राको ९८ प्रतिशतभन्दा बढी हिस्सा सहरका दलाल पुँजीपति तथा नोकरशाहको हातमा रहेको पाइएको थियो। त्यसैले त्यहाँ मुद्राको प्रचलन बन्द गरिदिँदा त्यसबाट विशाल जनसङ्ख्यालाई कुनै अप्ठयारो पर्दैनथ्यो। यसले त खालि ती दलाल तथा नोकरशाह पुँजीपतिहरूलाई चोट पुग्दथ्यो, जोसँग लाखौं-करोडौं मुद्रा मौज्दात थियो।

खमेररूज सरकारले अत्यन्त कम समयमै देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन सक्नु उसको सही नीतिकै परिणाम थियो। साम्राज्यवादको चर्को दबाव र क्षेत्रीय प्रभुत्ववादी भियतनामको प्रत्यक्ष हमला झेल्दै कम्पुचियाले यसकालमा गरेको यो उन्नतिले माओवादी राजनीति र आर्थिक सिद्धान्तको सहीपनलाई एकपटक पुनः प्रमाणित गर्‍यो।

**कठपुतली हेङ सरकार र त्यसपछिको अवस्था**

हिन्द-चीनमा अमेरिकाको पराजय र अमेरिकी सैनिक दक्षिणपूर्वी एसियाबाट फिर्ता हुन बाध्य भएको स्थितिमा सोभियत सामाजिक साम्राज्यवादले कम्पुचियामा आफ्नो नङ्ग्रा गाड्ने मनसुवाका साथ भियतनामलाई आड-भरोसा र सहायताहरू प्रदान गर्‍यो। उता, कम्पुचियाको मित्रदेश चीनमा तेङ-स्याओ पिङ्को दक्षिणपन्थी गुटले सत्ता हडप्यो। यसपछि खमेररूजभित्र दुईलाइन सङ्घर्ष अझ तीव्र हुन थाल्यो। क्रान्तिकारीहरूका निम्ति अन्तर्राष्ट्रिय परिस्थिति प्रतिकूल भएको त्यो स्थितिमा पनि पोलपोट भने मार्क्सवाद-लेनिनवाद-माओवादको पक्षमा अविचलित रूपमै डटिरहे। तर, पार्टीभित्रका दक्षिणपन्थीहरूले पार्टीभित्र र बाहिर समेत हेङ सामरिन पक्षधर अन्य शक्तिको सहयोगमा पोलपोटको क्रान्तिकारी धारलाई कमजोर पार्ने प्रयत्न गरिरहे। सङ्कटको यही परिस्थितिमा भियतनामले आफ्नो सानो छिमेकी देशमाथिको चढाइ तेज पार्‍यो।

अमेरिकी साम्राज्यवादको प्रत्यक्ष हमलाको शिकार बनेका भियतनामी जनतालाई कम्पुचियाले १९६५ देखि नै भोजन र शरणस्थल प्रदान गर्दै आएको थियो। १९७० सम्ममा त लाखौं भियतनामीहरू कम्पुचिया प्रवेश गरिसकेका थिए र कम्पुचियाली जनताले तिनलाई सक्दो सहयोग गर्दै आइरहेका थिए। तर, पोलपोटले नेतृत्व गरेको खमेररूजले मार्क्सवाद-लेनिनवादसँग गद्दारी गर्न र सोभियत सामाजिक साम्राज्यवादको नवउपनिवेश बन्न अस्वीकार गरेपछि १९७५ मा कम्पुचियाको 'कोह नेका' टापुमा भियतनामीहरूले हमला गरे। विश्व जनमत र खमेररूजको नेतृत्वमा कम्पुचियाली जनताले गरेको जबर्जस्त प्रतिरोधले उनीहरूलाई पछि हट्न बाध्य पार्‍यो। कम्पुचियामा माओवादीहरूको शासन स्थापना भएपछि तिल्मिलाएको भियतनामले १९७७ मा फेरि १४ डिभिजन सेना खटाएर कम्पुचियामाथि दोस्रो हमला गर्‍यो। भर्खरै स्थापना भएको जनवादी कम्पुचियाले भीषण प्रतिरोध गरेर ती १४ डिभिजन सेनालाई लखेटे। चीनमा प्रतिक्रान्ति भएपछि संसारको यो भूभागमा एउटै समाजवादी देश नरहेको स्थितिमा १९७८ मा भियतनामले पुनः दुई लाख सैनिक खटाएर सातवटा मार्ग हुँदै कम्पुचियामाथि हमला गर्‍यो र ७ जनवरी, १९७९ मा नोमपेन्हमाथि कब्जा गर्‍यो। यसरी कब्जा गरिसकेपछि ४ जनवरी, १९७९ मा हेङ सामरिन नाइके भएको कथित जनक्रान्तिकारी परिषद् गठन गरियो। आफ्नो जङ्गली आक्रमण सही थियो भनी अनुमोदन गराउन भियतनामले संसारसामु 'जनक्रान्तिकारी परिषद्को निम्तोमा कम्पुचिया प्रवेश गरेको' झुटो बयान दियो।

यता खमेररूजभित्रका दक्षिणपन्थीहरू तथा सामदेचन, रोदम, सिंहानुक, सोनसान, आदिजस्ता हेङ सामरिन विरोधी गैरकम्युनिस्टहरूले यो स्थितिलाई पोलपोटको प्रभाव कम गराउने अवसरका रूपमा दुरूपयोग गरे। 'पोलपोटका गतिविधिहरूकै कारण भियतनामले हमला गरेको', 'पश्चिमी देशहरूले कम्पुचियालाई देखिनसहेको' आदिजस्ता (कु) तर्क अघि सारेर १९७९ मै खिउ साम्फानलाई जनवादी सरकारको प्रधानमन्त्री बनाइयो। तर, यो सोचाइ बिल्कुलै सही थिएन। यसले न भियतनामी अतिक्रमणलाई रोक्न सक्यो, न त कम्पुचियालाई पश्चिमाले 'मुक्तिको उपहार' नै प्रदान गरे। पार्टी केन्द्रमा हावी भएका दक्षिणपन्थी विसर्जनवादीहरूले सन् १९८१ मा कम्युनिस्ट पार्टीकै विघटन गर्ने निर्णय लिए र 'सोनसान' जस्तो 'कम्युनिस्ट' लाई प्रधानमन्त्री बनाउने कुरामा समर्थन जनाए। सतही रूपमा दक्षिणपन्थीहरूको बोलवाला चले पनि जनतामा, विशेषतः ग्रामीण क्षेत्रमा पोलपोटको प्रभाव नै कायम रह्यो। उनीहरू भियतनामीहरूलाई लखेट्न र जनमुक्तिको सङ्घर्षमा अत्यधिक साहस र इमानदारिताका साथ मृत्युपर्यन्त डटिरहे। कम्पुचियाली आम जनताका निम्ति पोलपोट नै आदरणीय र प्यारा नेता भएकै कारण उनलाई तुरुन्तै समाप्त पार्ने कुरा दक्षिणपन्थीहरूका निम्ति सम्भव भएन; दक्षिणपन्थी गद्दारहरूले यसका निम्ति त १९९८ सम्म पर्खिनुपर्‍यो। पोलपोटको मृत्युपछि प्रतिक्रियावादी सरकारका प्रधानमन्त्री हुन सेनसामु आत्मसमर्पण गरेर सत्ता बाँडचुँड गर्न खिउ साम्फान, नुओन चिय, ता मोक आदिमध्ये कोही मूल दैलाबाटै त कोही जस्केलाबाट छिर्ने होडबाजी गरिरहेका छन्।

**पोलपोटको मूल्याङ्कन**

पोलपोटलाई 'मानवता विरोधी', 'हत्यारा' र 'क्रुर तानाशाह' सावित गर्न प्रतिक्रियावादीहरूको दुष्प्रचारले संसारै ढाके पनि त्यसको सत्यता सिद्ध गर्न उनीहरूले आजपर्यन्त कुनै पनि तथ्य प्रस्तुत गर्न सकेका छैनन्। कुन उद्देश्य र नियतका साथ पोलपोटले त्यस्ता केही कठोर काम गरे भन्ने कुरालाई पनि ती दुष्प्रचारकहरूले प्रस्ट्याउन सकेका छैनन्।

संसारका अन्य वास्तविक तानाशाहहरूले जसरी आफ्ना शाखा-सन्तानका निम्ति सम्पत्ति थुपार्न पोलपोटले आफ्नो पद र शक्तिको दुरूपयोग गरे भन्ने हो भने आज पनि उनकी पत्नी र उनका सन्तान जङ्गलमा र सुदूर ग्रामाञ्चलमा क्रियाशील रहँदै एउटा छापामारको परिवारकै जीवन जिइरहेका छन्। व्यक्तिगत ऐसआरामका निम्ति पो त्यसो गरे कि भन्ने हो भने पनि पोलपोट सादा जीवनशैलीका निम्ति विश्वविख्यात छन्। यत्ति हो, भ्रम छर्नका निम्ति प्रतिक्रियावादीहरूले मनगढन्ते कुतर्कहरू भने अघि सारिरहेकै छन् र यस्तै स्यालहुइरयाँ संसारभरि मच्चाइरहेकै छन्। यस्तै कुतर्कहरू र खासगरी पश्चिमाले अघि सारिरहेका कुतर्कको प्रभावमा, पोलपोटबारे लेख्न औधि रहर भएका राजेन्द्र महर्जनले 'मूल्याङ्कन' मा लेखेछन्- 'खमेररूज नेता पोलपोटले जब आफ्ना पुराना साथी, सहकर्मी तथा नेता सोन सेन र उनकी पत्नीलाई आफूविरुद्ध षड्यन्त्र गरेको आरोपमा ३२ जेठ, २०५४ मा निर्ममतापूर्वक मार्न लगाए, तब अन्य खमेररूज नेता र कार्यकर्ताहरूले पोलपोटका विरुद्ध विद्रोह गरे।'

क्या लज्जास्पद कुतर्क ! कस्तो गहिरो 'जानकारी' ! हो, यस्तै उडन्ते सूचनाहरूका कारण महान् मार्क्सवादी-लेनिनवादी नेता पोलपोट धेरैका आँखामा 'हत्यारा' र 'सन्की' भएका छन्। वास्तविकता त के हो भने सोन सेन न खमेररूजका नेता हुन्, न त कम्युनिस्ट नै। उनी खमेर जनवादी राष्ट्रिय मुक्ति मोर्चाका नेता हुन् र सोही समूहको प्रतिनिधिका रूपमा २२ जुन, १९८२ मा गठित संयुक्त सरकारको प्रधानमन्त्री बनेका थिए। जहाँसम्म पोलपोटले उनको हत्या गराए भन्ने आरोप छ, अमेरिका र भियतनामले मारेका कम्पुचियालीको नरकङ्काललाई गनेर पोलपोटले यति मारे भनिएको सन्दर्भमा पोटपोटले नै सोन सेनलाई सजाय दिने अवसर पाए कि पाएनन् भन्ने कुरा अझैसम्म पनि अध्ययनकै विषयका रूपमा रहेको छ। यदि पोलपोटद्वारा नै उनलाई त्यस्तो सजाय दिइएको हो भने पनि त्यो 'पार्टीकै कमरेडलाई दिइएको सजाय' हुँदै होइन। सोन सेनलाई पोलपोटको सहकर्मी र नेता भन्नु च्याङकाई शेकलाई माओका सहकर्मी र नेता भन्नुजस्तै हास्यास्पद कुरा हो। एक समय त च्याङ र माओहरूबीच पनि संयुक्त मोर्चा बनेको थियो।

पोलपोटले गल्ती नै गरेनन्, त्यहाँको कम्युनिस्ट आन्दोलनमा कुनै गल्ती नै भएनन् भन्ने तर्क गर्न खोजिएको चाहिँ किमार्थ होइन। इतिहासका सवै महान् क्रान्तिहरूमा जस्तै १९७५ मा सम्पन्न कम्पुचियाली क्रान्तिमा पनि थुप्रै भूलहरू र कमीकमजोरी भएका छन्। तत्कालीन परिस्थितिमा कतिपय भूलहरूबाट त बच्न सम्भव पनि थिएन। कुन-कुन भूलहरूबाट बच्न सकिन्थ्यो तर बचिएन अनि कुन-कुन भूलहरूचाहिँ नेतृत्वको अक्षमता र कमजोरीका कारण हुन गए भन्ने तथ्य केलाउनुपर्छ; वस्तसङ्गत अध्ययन हुनुपर्छ। द्वन्द्ववादी दृष्टिले हेर्दा पोलपोटमा 'वामपन्थी' सङ्कीर्णता रहेको पाइन्छ। विशेषतः अन्तर्राष्ट्रिय सम्बन्धको क्षेत्रमा यही सङ्कीर्णताका कारण पोलपोट र खमेररूजभित्रको क्रान्तिकारी धार अलगावमा पर्न गयो; यही कमजोरीका कारण समेत कम्पुचियाली क्रान्तिकारी धारलाई एक्ल्याउन र हमला गर्न प्रतिक्रियावादी र दक्षिणपन्थीहरूलाई सजिलो भयो।

पोलपोटका कमजोरी र खराब पक्षहरूको तुलनामा उनका असल र सबल पक्षहरू निःसन्देह निकै धेरै छन्। हिन्द-चीनमा कम्युनिस्ट पार्टीको स्थापना र त्यसको विकासका निम्ति उनले निर्वाह गरेको महत्त वपूर्ण भूमिकाका कारण उनी सदा स्मरणीय छन्। विकट र जटिल परिस्थितिमा युद्धको नेतृत्व गर्ने र सत्ता कब्जा गरेर त्यसलाई कुशल नेतृत्व प्रदान गर्ने क्रममा उनको नेतृत्व क्षमता राम्ररी उजागर भएको छ। त्यो भीषण वर्गसङ्घर्षले भोगेको क्षणिक पराजयकै दौरान अधिकाङ्श पुराना नेताहरूले सिद्धान्तप्रति गद्दारी गरेर आत्मसमर्पण गरे। तर, पोलपोट भने आफ्नो सिद्धान्तमा हिमालझैं अटल रहे र जीवनको अन्त्यसम्म देश, जनता र विशेषतः सर्वहारावर्गप्रति इमानदार रहिरहे। उनको सन्दर्भमा बडो निश्चयपूर्वक भन्न सकिन्छ, उनी बीसौं शताब्दीका अन्तिम कम्युनिस्ट कमान्डर हुन्, जसले वर्गबैरीका सामु कहिल्यै हतियार बुझाएन र कदापि आत्मसमर्पण गरेन। मार्क्सवाद-लेनिनवाद-माओवादको झन्डालाई सदा उँचो राख्ने, वर्गसङ्घर्षको भट्टीमा खारिएका र व्यवहारतः पूर्ण परीक्षणबाट उत्तीर्ण भएका पोलपोट सम्भवतः माओपछिका सर्वाधिक ठूला नेताहरूमध्ये एक हुन् र उनले देखाएको बाटोमा हिँडेर नै कम्पुचियाली जनताले वास्तविक मुक्ति हासिल गर्न सक्नेछन्।

अन्तर्राष्ट्रिय रूपमा दक्षिणपन्थी हावा प्रबल भइरहेको वर्तमान अवस्थामा वर्गयुद्धमा सङ्लग्न संसारभरिका कम्युनिस्टहरूले पोलपोट र खमेररूजको जीत तथा हारबाट शिक्षा लिनु पर्दछ। प्रतिक्रियावादी शासन व्यवस्था भएका अजङ्गका देशहरूसँग सीमा जोडिएका कम्युनिस्टहरूले त पोलपोट र उनको नेतृत्वमा चलेको आन्दोलनबाट अझ धेरै सिक्ने प्रयास गर्नु पर्दछ।

# प्रधानमन्त्री कार्की र आयोगका पदाधिकारीबीच छलफल

**काठमाडौं ।** प्रधानमन्त्री सुशीला कार्की र निर्वाचन आयोगका पदाधिकारीबीच निर्वाचनको तयारीका विषयमा छलफल भएको छ ।

प्रधानमन्त्री कार्कीसँग सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा भएको भेटमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहितका पदाधिकारीले प्रतिनिधिसभाको विघटन भई आगामी फागुन २१ गतेका लागि निर्वाचन तोकिएको सन्दर्भमा त्यसका लागि आवश्यक कानुन संशोधन, निर्वाचन व्यवस्थापन र स्रोत परिचालनलगायत विषयमा छलफल गरेका हुन् । छलफलमा सहभागी कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले निर्वाचनको तयारी गर्नेपर्ने र तयारीका सम्बन्धमा कुनै अवरोधहरू भए त्यसलाई पहिचान गरेर सम्बोधन गर्नुपर्ने विषयमा छलफल भएको जानकारी दिए ।

निर्वाचनका लागि प्रभावकारी समन्वय गर्न प्रारम्भिक कुराकानी भएको जानकारी दिँदै आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले पछि आउने चुनौतीका विषयमा नेपाल सरकारसँग निरन्तर छलफल हुने बताए । निर्वाचनको कार्यभार पूर्ण रूपमा सम्पन्न गर्नुपर्नेमा सरकार र आयोग स्पष्ट रहेको जिकिर गर्दै उनले स्वच्छ, निष्पक्ष र स्वतन्त्र एवं मितव्ययी निर्वाचन गराउन आयोग प्रतिबद्ध रहेको दावी गरे । आयोगले तोकिएको समयमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्न मतदाता नामावली ऐन, २०७३ मा संशोधनलगायत आवश्यक स्रोतसाधनको सुनिश्चितताका लागि नेपाल सरकारसँग आग्रह गर्दै आएको छ । हाल आगामी कात्तिक १६ गतेसम्म १८ वर्ष उमेर पुगेका मतदाताको संख्या एक करोड ८१ लाख ६८ हजार २ सय ३० रहेका छन् ।

यसअघि गत बिहीबार पनि आयोगले गृहमन्त्री ओमप्रकाश अर्यालसँग छलफल गरेको थियो । गृहमन्त्री अर्यालले सर्वोच्च अदालतको आदेशबमोजिम विदेशमा रहेका नेपालीलाई पनि मताधिकार दिने उपायबारे सोच्न भनेपछि आयोगले त्यसका लागि कानुनी विज्ञसँग छलफल गरेको छ । भदौ २३ र २४ गतेको 'जेन-जी' प्रदर्शन र उत्पन्न परिस्थितिमा पूर्वप्रधानन्यायाधीश कार्कीको नेतृत्वमा गठित अन्तरिम सरकारले आगामी फागुन २१ गतेका लागि निर्वाचन घोषणा गरिसकेको छ ।

# देशभरका शक्तिपीठमा श्रद्धालुको भीड, नवरात्रको चौथो दिन देशभर पूजाआराधना

**काठमाडौं ।** बडादसैंको चौथो अर्थात आश्विन शुक्ल चतुर्थी दिन बिहीबार दसैंघर वा पूजा कोठामा कुष्माण्डा देवीको विधिपूर्वक पूजाआराधना गरिएको छ । आश्विन शुक्ल प्रतिपदाका दिन सोमबार विधिपूर्वक दियो, कलश र गणेशसहित घटस्थापना गरी शक्तिको प्रतिक महाकाली, धनधान्य र ऐश्वर्यकी प्रतिक महालक्ष्मी तथा विद्या र बुद्धिकी प्रतिक महासरस्वती देवीको आह्वान गर्दै यस वर्षको महान पर्व वडादसैं आरम्भ भएको हो ।

प्रत्येक वर्षझैं दुर्गा पक्षको चौथो दिन शास्त्रीय विधीअनुसार आश्विन शुक्ल चतुर्थीका दिन कुष्माण्डा देवीको विधिपूर्वक पूजाआराधना गरिएको हो । आध्यात्मिक, आधिभौतिक र आधिदैविक यी तीन तापलाई कुष्मा भनिने हुँदा नवदुर्गामध्येकी चौथो देवी कुष्माण्डाको आराधनाले श्रद्धालुले तीनै ताप हराएर जाने मान्यता रहँदै आएको छ । विभिन्न पुराणमा कुष्माण्डाले सुराले भरिएका घडा तथा रगतयुक्त पात्र धारण गर्ने उल्लेख गरिएको छ ।

यस वर्ष नवरात्रको पहिलो दिन सोमबार शैलपुत्री देवीको आह्वान एवं पूजाआराधना गर्दै दसैंघर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखियो भने दोस्रो दिन मंगलबार ब्रह्मचारिणी देवीको पूजाआराधना गरिएको हो । देशभर नौ दिनसम्म नवदुर्गाको विधिपूर्वक पूजाआराधना गर्ने प्रचलनअनुसार तेस्रो दिन चन्द्रघण्टा देवीको पूजाआराधना गरिएको छ ।

नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वासका साथ वैदिक सनातन धर्मावलम्बीहरूले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष पूजाआराधना गर्छन् । नौ दिनसम्म पूजाआराधना गरेको प्रसाद विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म लगाइन्छ । परापूर्व कालदेखि नै सारा नेपालीहरूले १५ दिनसम्म बडादसैं पर्व मनाउने गर्दै आएका छन् ।

दसैंको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्री अर्थात नवदुर्गा देवीका नौवटा स्वरूपको पूजाआराधना गर्ने शास्त्रीय नियमअनुसार देशभरका शक्तिपीठहरूमा श्रद्धालु भक्तजनको भीड लाग्ने गरेको छ ।

नवरात्रमा काठमाडौं उपत्यकाका गुह्येश्वरी, जयवागेश्वरी, मैतीदेवी, कालिकास्थान, नक्साल भगवती, भद्रकाली, शोभाभगवती, रक्तकाली, श्वेतकाली, बिजेश्वरी, कङ्केश्वरी, कलङ्कीमाई, चामुण्डा देवी, सुन्दरीमाई, बज्रयोगिनी, इन्द्रायणी, ब्रम्हायणी, महेश्वरी, कुमारी, महाकाली, महालक्ष्मी, त्रिपुरासुन्दरी मन्दिरलगायत मन्दिरमा दर्शनका लागि दर्शनार्थीको घुइँचो लाग्ने गर्छ ।

उपत्यकाबाहिर पनि पलाञ्चोक भगवती, नाला भगवती, चण्डेश्वरी, पाल्चोक भगवती, कमलामाई, इच्छाकामना, मनकामना, गढीमाई, छिन्नमस्ता, गहवामाई, बागलुङ कालिका, विन्ध्यवासिनी, तालबाराही, शैलेश्वरी, उग्रतारा, खाँडादेवी, गुराँसेदेवीलगायत देशभरका शक्तिपीठमा पनि भक्तजनको भीड लाग्ने गर्छ ।

विजया दशमी अर्थात टीकाका दिन आफूभन्दा ठूला मान्यजनको हातबाट हर्षोल्लासका साथ दसैंघर वा पूजा कोठामा विधिपूर्वक स्थापना गरिएको कलशको जलले अभिषेक गरी समृद्धिको प्रतीक जौको पहेँलो जमरा र दहीमा मुछिएको रातो टीका तथा आर्शिवाद ग्रहण गर्दै दसैंपर्व मनाउने प्रचलन रहँदै आएको छ ।

धर्मशास्त्रविद एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्राडा देवमणि भट्टराईले जौबाहेक अन्य अन्न रोप्ने शास्त्रीय विधि नभएको बताए । जौको जमरालाई आयुर्वेदिक औषधिका रूपमा समेत प्रयोग गरिन्छ ।

यस वर्ष विजयादशमी अर्थात टीकाको साइत असोज १६ गते बिहान ११:५३ बजे रहेको जानकारी दिँदै समितिले देवी विसर्जनको साइत भने बिहान ९:२३ जे रहेको जनाएको छ । विजयादशमीदेखि कोजाग्रत पूर्णिमासम्म देवीको प्रसाद लगाउने शास्त्रीय विधि छ । पूर्णिमाका दिन धनधान्यकी प्रतीक महालक्ष्मीको व्रत बसी रात्रीमा जाग्राम रहेर पूजा लगाइ धन र ऐश्वर्य प्राप्तिको कामना गर्ने प्रचलन समेत रहँदै आएको छ ।

# गोरखा दरबारको दसैंघरमा जमरा राखियो

**काठमाडौं ।** गोरखा दरबारको दसैंघरमा सोमबार विधिपूर्वक जमरा राखिएको छ । वडादसैं अर्थात नवरात्रको पहिलो दिन घटस्थापना पर्वका अवसरमा मूलदरबारस्थित दसैंघर, कालिका मन्दिर, गोरखनाथ मन्दिर र उपल्लो दरबारमा बिहान ९ बजेर १३ मिनेटको शुभसाइतमा जमरा राखिएको गोरखकाली मन्दिरका मूलपुजारी शारदाप्रसाद भट्टराईले जानकारी दिए ।

परम्परा अनुसार बिहान सबेरैको भूकभूके उज्यालोमा कैलास कोठाबाट देवी भगवतीलाई मूलदरबारको गर्भगृह (पूजा कोठा) मा सवारी गराइ पदस्थापना गराएपछि लगत्तै पानी घडा थापेर त्यसैको शुभसाइतमा जमरा राखिएको मूलपुजारी भट्टराईले बताए । 'कैलास कोठामा देवीलाई सवारी गराएपछि बिहानको शुभसाइतमा विधिपूर्वक घटस्थापना अर्थात जमरा राखिएको हो' उनले भने 'जमरा राख्ने तयारीका लागि त्यसअघि नै कालिका मन्दिरको पटाङगिनीमा देवीको पूजाकार्यमा प्रयोग हुने भाँडावर्तन माझ्ने तथा शैलपुत्रीको पूजाका लागि आवश्यक सामाग्री तयार पार्ने काम गरियो ।'

उनका अनुसार गोरखा दरबारको दसैंघर र कालिका मन्दिरमा एक-एक पाथीका दरले जौंको जमरा राखिएको हो । त्यस्तै गोरखनाथ मन्दिरमा चार माना तथा उपल्लो कोट र तल्लो कोटमा एक-एक मानाका दरले जमरा राखिएको मूलपुजारी भट्टराईले बताए । घटस्थापनाका दिन गोरखाको गोरखकाली मन्दिरमा जमरा राखेपछि मात्र देशभरका हिन्दूधर्मालम्बीले घर-घरमा जमरा राख्छन् भन्ने मान्यता रहँदै आएको छ । प्रतिपदा सुरु भएसँगै सोमबारदेखि कालिका मन्दिरमा नियमित रूपमा बलि दिने प्रचलन समेत रहेको छ ।

त्यस्तै, गोरखाको अर्को प्रसिद्ध धार्मिकस्थल मनकामना मन्दिरमा पनि सोमबार बिहानको शुभसाइतमा जमरा राखिएको मन्दिरका मूलपूजारी इन्सान थापाले जानकारी दिए । घटस्थापनाका दिन राखिएको जमरा विजयादशमीको दिन टीकासँगै लगाउँदा शुभ हुने धार्मिक विश्वास रहेको पाइन्छ ।

# एक महिनादेखि वीरगञ्जमा हैजा त्रास

**काठमाडौं ।** पर्सास्थित वीरगञ्ज महानगर आसपार एक महिना अघिदेखि फैलिएको हैजा अझै नियन्त्रणमा आउन सकेको छैन । हैजाका बिरामी भेट्टिएको एक महिनाभन्दा धेरै भइसक्दा पनि हैजा कसरी फैलियो भनेर स्रोत पत्ता लाग्न नसक्दा नियन्त्रणमा समेत समस्या देखिएको हो ।

स्वास्थ्य कार्यालय पर्साका अनुसार आइतबारदेखि २४ घण्टामा २८ जना नयाँ हैजाका बिरामी फेला परिएका हुन् । जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले यही असोज ६ गतेसम्म हैजाका बिरामीको आरडिटी जाँच गर्दा २४० जनामा संक्रमण भेटिएको जानकारी दिए । तीमध्ये २३६ जना हैजाका बिरामी उपचार पश्चात डिस्चार्ज भइसकेका र चार जना उपचारत छन् । महानगर आसपासमा हैजा देखिएदेखि जिल्लाका २१ अस्पतालमा सोमबारसम्म आएका एक हजार ५ सय १२ जना बिरामी हैजा तथा झाडापखलाका लक्षण देखिएर अस्पताल भर्ना भएका छन् । तीमध्ये एक हजार ४ सय ७९ जना उपचारपछि घर फर्किसकेका भने चार बिरामी 'आइसियू'मा र एक जना 'एचडियू'मा उपचारत छन् ।

त्यसैगरी, २८ बिरामीको जनरल वार्डमा उपचार भइरहेको छ । जनस्वास्थ्य अधिकृत ठाकुरले सर्वसाधारण जनता आफैं सचेत र सजग नहुँदासम्म हैजा नियन्त्रण गर्न गाह्रो हुने बताए । 'हामीले पर्याप्त मात्रामा जनचेतनाका अभियान सञ्चालन गरिरहेका छौं । तर सर्वसाधारणहरू अटेरी हुँदा पनि हैजा नियन्त्रण गर्न गाह्रो भइरहेको छ' उनले भने 'पानी उमालेर वा क्लोरिन राखेर खानका लागि अनुरोध गरेका छौं । सर्वसाधारणले मानेका छैनन् ।' उनले मंगलबारदेखि स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयसेवीहरूको समूह हैजा प्रभावित वडाका घर-घरमा पुगेर क्लोरिनयुक्त पानी खुवाउन सिकाउने कार्यक्रम राखिएको जानकारी दिए ।

# मुस्ताङमा स्याउ 'टिप्ने खाने' मेला

**काठमाडौं ।** मुस्ताङ जिल्लाको घरपझोङ-२ मार्फास्थित शीतोष्ण बागवानी विकास केन्द्रमा स्याउ 'टिप्ने खाने' मेला आयोजना गरिएको छ । असोजको पहिलो एक हप्ताका लागि मेला आयोजना गरिएको केन्द्र प्रमुख पदमनाथ आत्रेयले जानकारी दिए ।

उनले कृषि र पर्यटन प्रवर्द्धनका लागि केन्द्रले बगैंचामा पसेर स्याउ टिप्ने खाने मेला आयोजना गरेको बताए । गत वर्ष पनि शीतोष्ण बागवानी विकास केन्द्रमा यस्तै मेला आयोजना गरिएको थियो ।

पर्यटकीय यामलाई मध्यनजर गरी बर्सेनि यसप्रकारको स्याउ टिप्ने खाने मेला उत्सव सञ्चालन गर्ने थालिएएको केन्द्र प्रमुख आत्रेयले बताए । 'मुक्तिनाथको दर्शन तथा कागबेनीधाममा धार्मिक कर्म गर्न आउने भक्तजन तथा मुस्ताङ भ्रमणमा आउने आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरी यो मेला आयोजना गरिएको हो' उनले भने 'यसपटक देशमा उत्पन्न विषम परिस्थितिका कारण पर्यटकको आगमन कम भएकाले विगतमा जस्तो रौनक छैन ।'

पर्यटकले केन्द्रले तोकेको नियमअनुसार दुई सयको टिकट लिएपछि स्याउ बगैंचामा गएर स्याउ टिप्ने र खाने सुविधा छ । विशेष सावधानी अपनाएर स्याउ टिप्नु पर्ने र बोटमा कुनै क्षति भएमा सम्बन्धित व्यक्तिले एक हजार जरिवाना तिर्नुपर्ने नियम तोकिएको केन्द्र प्रमुख आत्रेयले जानकारी दिए ।

# देशका पाँच राजमार्ग पहिरोबाट पूर्ण रूपमा अवरुद्ध

**काठमाडौं ।** देशका विभिन्न स्थानमा भएको भारी वर्षाका कारण आएको बाढीपहिरोबाट प्रमुख पाँच राजमार्ग अवरुद्ध भएका प्रहरी प्रधान कार्यालयले जानकारी दिएको छ ।

कार्यालयका अनुसार पहिरोका कारण सङ्खुवासभाको भोटखोला गाउँपालिका-४ वरुणस्थित कोशी राजमार्ग, सङ्खुवासभाको मकालु गाउँपालिका-३ एकुवास्थित कोशी राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएका हुन् ।

केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले रसुवाको गोसाइँकुण्ड गाउँपालिका-२ पासाङल्हामु राजमार्गस्थित नेपाल-चीन जोड्ने मितेरी पुल, चितवनको इच्छाकामना गाउँपालिका-५ स्थित मुग्लिङ-नारायणघाट सडकखण्ड र रुकुम पूर्वको भूमे गाउँपालिका-४ स्थित मध्यपहाडी लोकमार्ग पूर्ण रूपमा अवरुद्ध भएका जानकारी दिए ।

यसैगरी, नवलपरासी पूर्वस्थित पूव-पश्चिम राजमार्ग, बाग्लुङस्थित कालिगण्डकी करिडोर, रसुवास्थित त्रिशुली-मैलुङ सडक एकतर्फी रूपमा सञ्चालनमा रहेका समेत उनले जनाए ।

# तुइन खोलाको पहिरोले पोखरा–काठमाडौं यातायात प्रभावित

**काठमाडौं ।** नारायणगढ-मुग्लिन सडकखण्डको तुइन खोलामा खसेको पहिरो पन्छाउन दुई दिन लाग्ने जनाइएको छ । मंगलबार दिउँसो खसेको पहिरो बुधबार बिहानैबाट पन्छाउन थालिए पनि थालिएको हो ।

डिभिजन सडक कार्यालय भरतपुरका प्रमुख नारायण लामिछानेका अनुसार पहिरो पन्छाउन दुई वटा लोडर, एउटा स्काभेटर र एउटा ब्याकुलोडर परिचालन गरिएको छ । दमौलीबाट अर्को एउटा स्काभेटर मगाइएको छ । पहिरोले सडकको १६० मिटर भाग ढाकिएको जानकारी दिँदै लामिछानेले अझै माथिबाट थप पहिरो खस्ने सम्भावना रहेको बताए । उनले माथिबाट झर्न बाँकी केही ढुंगाहरू पूर्ण रूपमा झरिनसकेकाले अझै साना तथा मझौला पहिरो खस्न सक्ने सम्भावना रहेको बताए ।

उक्त स्थनजान शुक्रबारदेखि निरन्तर पहिरो खसिरहेको छ । समय-समयमा पहिरो पन्छाएर केही सावरी आवागमन गराइएको भए पनि मंगलबार साँझदेखि आवागमन ठप्प भएको हो । सडक रोकिएसँगै ठूलो संख्यामा सवारीसाधन लाम लागेको छ भने कतिपय यात्रुवाहक सावरीसाधन फर्काएर वैकल्पिक मार्गतर्फ लगिएका छन् । मालवाहक सवारीसाधन भने लामबद्ध नै छन् । डिभिजन सडक कार्यालय चितवनले तुइन खोलामा पहिरोका कारण सवारी रोकिएपछि वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गरेको छ । कार्यालयले दिएको जानकारीअनुसार साना सवारी चितवनलाई जुटपानी, शक्तिखोर, मायाटार हुँदै धादिङको मलेखु निकाल्न सकिन्छ । त्रिभुवन राजपथ हुँदै धादिङको नौबिसेबाट मकवानपुरको हेटौंडा र हेटौंडाबाट भैँसे, भीमफेदी, कुलेखाने, सिस्नेरी हुँदै दक्षिणकाली बाटो हलुका सवारीसाधन सञ्चालन गर्न सकिने कार्यालयले जानकारी दिएको छ । काठमाडौंतर्फ जाने ठूला सवारीसाधनका लागि पूर्वबाट कान्ति लोकपथ प्रयोग गरी हेटौंडा, गिगन हुँदै भट्टेडाँडा हुँदै ललितपुरको सातदोबाटो निस्कन सकिने पनि कार्यालयले जनाएको छ ।

यसैगरी, पोखरा जानका लागि ठूला साना दुवै सवारीसाधनले बुटवल हुँदै पोखरा जान मिल्ने जनाएको छ । कालीगण्डकी कोरिडोरको बाटो साना सवारी सञ्चालन गर्न सकिने छ । गैंडाकोटबाट तनहुँको भिमाद र पाल्पाको रामपुर जान सकिने कार्यालयले जनाएको छ । मुग्लिन-नारायणगढ खण्डको तुइन खोला क्षेत्रमा गएको पहिरोको प्रभाव पोखरा-काठमाडौं सडकखण्डमा पनि पर्ने गरेको छ । सो पहिरोका कारण मुग्लिनखण्डमा सवारीसाधनको अत्याधिक चाप बढ्न थालेसँगै त्यसको प्रभाव पोखरा-काठमाडौं आवतजावत सवारीसाधनमा परेको पृथ्वीराजमार्ग बस सञ्चालक कम्पनी लिमिटेडका अध्यक्ष ऐनकुमार साईले जानकारी दिए । पहिरोका कारण सवारीसाधनको जाम लाग्न थालेपछि यात्रुहरूलाई समयमै गन्तव्य पुऱ्याउन नसकिएको उनले बताए ।

'मुग्लिन-नारायणगढ खण्डमा सडक यातायात प्रभावित भएसँगै नेपालका पश्चिमी क्षेत्रमा जाने सवारीसाधन पोखरा हुँदै जान थालेका कारण पनि सवारीसाधनको चाप अत्याधिक छ' उनले भने । उनले पोखरा-काठमाडौं खण्डमा पृथ्वीराजमार्ग बस सञ्चालक कम्पनीअन्तर्गत नियमित चार सयको संख्याका यात्रुवाहक सवारीसाधनले सेवा दिइरहेको जानकारी दिए ।

# देशभरका विभिन्न सडक अवरुद्ध

**काठमाडौं ।** कतै सुख्खा पहिरो त कतै माथिबाट ढुंगा खसेर देशभरका विभिन्न सडक खण्ड पूर्ण रूपमा अवरुद्ध भएका छन् । नेपाल प्रहरीका अनुसार अहिले जाजरकोट-डोल्पा खण्ड पूर्ण रूपमा अवरुद्ध भएको हो ।

आइतबार बिहान जाजरकोटको नलगाड नगरपालिका-११ भिरकुनास्थित जाजरकोट-डोल्पा खण्डमा माथिबाट ढुङ्गा, माटोसहितको सुख्खा पहिरो खसेपछि सडक पूर्ण रूपमा अवरुद्ध भएको प्रहरीले जनाएको छ ।

प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले म्याग्दी बेनी-दरवाङ खण्ड पनि पूर्ण रूपमा अवरुद्ध भएको जानकारी दिए । म्याग्दीको बेनी नगरपालिका-४ घुमाउने भिरस्थित बेनी-दरवाङ खण्डमा माथिबाट लेदो, माटोसहितको पहिरो खसेर सडक पूर्ण रूपमा अवरुद्ध भएको हो ।

यसैगरी चितवनको मुग्लिङ-नारायणगढ खण्डको तुइन खोलामा माथिबाट सुख्खा पहिरो खसेर दुई दिनदेखि बाटो पूर्ण रूपमा अवरुद्ध भएको छ । असोज ३ गते साँझ चितवनको इच्छाकामना गाउँपालिका-५ तुइनखोलामा पहिरो खसेको थियो । प्रहरी नायब महानिरीक्षक घिमिरेले उक्त स्थानमा पटक-पटक पहिरो खसिरहेकाले पन्छाउन पनि समस्या भइरहेको जानकारी दिए ।

## माओवादी महाधिवेशन...

बढ्नुपर्छ भन्ने बैठकको निष्कर्ष छ' प्रवक्ता सापकोटाको भनाइ थियो 'जेन-जी' पुस्ताले उठाएका मागहरू जायज भए पनि त्यसलाई विशेष परिस्थितिको प्रभाव मान्दै अग्रगमन पक्षधर शक्तिको एकताबद्ध प्रयास अपरिहार्य देखिन्छ।'

**'बदलिन नसक्नेले बिदा लिनुपर्छ'**

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले 'जेन-जी' को भावना र आन्दोलनको सन्देशलाई आत्मसात गर्दै कांग्रेस नयाँ ढंगले रूपान्तरण विकल्प नरहेको बताएका छन्। पार्टीको झापा निर्वाचन क्षेत्र नं १, क्षेत्रीय समितिले मंगलबार धुलाबारीमा आयोजना गरेको 'अबको राजनीति र अबको नेपाल' विषयेक अन्तरक्रियामा शर्माले पार्टीमा रूपान्तरणको विकल्प नरहेको धारणा व्यक्त गरेका हुन्।

समय बदलिएको उल्लेख गर्दै महामन्त्री शर्माले सबै बदलिनु पर्नेमा जोड दिए 'नेता, कर्मचारी संयन्त्र सबै बदलिनुपर्छ। सिंहदरबार मात्र होइन, गाउँगाउँका हरेक तह बदलिनुपर्छ, चिया पसल गर्नेहरू पनि बदलिनुपर्छ। पार्टीको कुरा गर्दा अब जो बदलिन्छन्, तिनले नेतृत्व लिन्छन्, जो बदलिदैनन् तिनले बिदा लिन्छन्।'

'जेन-जी' प्रदर्शनले सबैको आँखा खोलिदिएको धारणा राख्दै उनले लोकतान्त्रिक पद्धतिप्रतिको उच्च चेत, भ्रष्टाचार नियन्त्रणका लागि कठोर कदमको आवश्यकता र नेतृत्व परिवर्तन यो आन्दोलनको सन्देश रहेको टिप्पणी गरे।

भदौ २३ र २४ मा भएको 'जेन-जी' प्रदर्शनको पहिलो दिन प्रदर्शनकारीमाथि गोली हान्न आदेश दिने र दोस्रो दिन आगजनी एवं तोडफोड गर्नेहरूका विषयमा गहन छानबिन हुनुपर्ने चर्चा गर्दै महामन्त्री शर्माले दोषी जो छन्, उनीहरूप्रति कुनै मोलाहिजा नराखी कडा कानुनी कारबाही हुनुपर्नेमा जोड दिए।

आफ्नो गृहनगर झापा पुगेको महामन्त्री शर्माले मंगलबार नै मेचीनगर-१० स्थित पार्टीको क्षेत्रीय कार्यालय, मेचीनगर नगरपालिका सहित भदौ २४ गते आगजनी तथा तोडफोडबाट ध्वस्त भएको आफ्नो निजी निवासको समेत अवलोकन गर्दै त्यस्तो धारणा व्यक्त गरेका थिए।

## कार्की सरकारको...

व्यवस्थापन गरिनेछ। विगतमा प्रचलित कानुनबमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन पर्याप्त रकम विनियोजन नभएको कारण बजेट अपुग भएको भए रोक्का गरिएको रकमबाट रकमान्तर, स्रोतान्तर तथा कार्यक्रम संशोधन गरी खर्च व्यवस्थापन गरिने मन्त्रालयले जनाएको छ। रोक्का रहेका आयोजनाहरूमध्ये २०८२ असोज २ गतेसम्म खरिद सम्झौता भई दायित्व सिर्जना भइसकेको वा खरिद प्रक्रिया अन्तिम चरणमा रहेको भए सोको पुष्ट्याइँसहित फुकुवाको लागि सम्बन्धित मन्त्रालयबाट लेखी आएपछि अर्थ मन्त्रालयले फुकुवा गर्ने निर्णयमा उल्लेख छ।

शिक्षा, स्वास्थ्य र खानेपानीजस्ता आधारभूत आवश्यकताका सामाजिक क्षेत्रमा यस आर्थिक वर्षको बजेटले लिएको सामाजिक क्षेत्रको लक्ष्य पूरा गर्न बाधा पर्न जाने देखिएमा अर्थ मन्त्रालयको सहमति लिई आयोजना तथा कार्यकमको खरिद प्रक्रिया अगाडि बढाइने छ। सरकारी संरचनाको पुनर्निर्माणको लागि पुनर्निर्माण कोष कार्यविधि बमोजिम सिफारिस भएका आयोजनालाई मन्त्रायगत बजेट सूचना प्रणालीमा प्रविष्टि गरी खर्च व्यवस्थापन गर्ने सरकारको निर्णय छ। त्यसैगरी चालु आर्थिक वर्षमा नयाँ प्रविष्टि गरेका आयोजना वा अन्य कुनै खरिद प्रयोजनका लागि बहुवर्षीय स्रोत सहमति नदिने भएको छ। सरकारी संरचना पुनर्निर्माण गर्दा सेवाग्राहीमैत्री, खुला र छरितो संरचना बनाउने। सरकारले कार्यालयको कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी संरचनालाई विश्लेषण गरी भौतिक संरचना र ले-आउट व्यवस्थापन गर्ने भएको छ।

यस्तै आयोजना टुक्र्याएर उपभोक्ता समितिबाट काम गराउने नपाइने, सरकारी कार्यालयका लागि प्रमुख मार्गमा घर बहालमा लिन नपाइने तथा राष्ट्रिय अनुसन्धान विभाग गृह मन्त्रालय मातहतका सुरक्षा संवेदनशीलता, कार्यसम्पादन प्रभावकारिता, सुरक्षा निकायबीच समन्वयन, विगतको अभ्यास र 'इन्टिलिजेन्स एक्सीलेन्स'का लागि राष्ट्रिय अनुसन्धान विभागलाई गृहमन्त्रालय मातहत राख्ने व्यवस्था मिलाइने भएको छ। बैठकले नेपाल सरकार र प्रदेश सरकारका मन्त्रीहरूलगाय राजनीतिक पदाधिकारीका स्वकीय सचिवालयका लागि मन्त्रालयमा कार्यकक्ष नराख्ने र यस्ता स्वकीय सचिवालयका कर्मचारीका लागि सवारीसाधन, वैदेशिक भ्रमण र अन्य भौतिक सुविधा उपलब्ध गराउन नपाइने निर्णय गरेको छ।

# राष्ट्रियसभाका अध्यक्ष दाहालद्वारा संसद भवनको अवलोकन

**काठमाडौं।** राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले गत भदौ २४ गतेको आगजनीबाट क्षति भएको बानेश्वरस्थित संघीय संसद भवनको अवलोकन गरेका छन्।

अध्यक्ष दाहालले 'जेन-जी' प्रदर्शनका क्रममा क्षतिग्रस्त संसद भवनको अवलोकन गरेका हुन्। यसअघि सभामुख देवराज घिमिरेसहितको टोलीले क्षतिग्रस्त संसद भवनको अवलोकन गरेका थिए। 'जेन-जी' प्रदर्शनको दोस्रो दिन गत भदौ २४ गते संघीय संसद भवनमा आगजनी भएको थियो।

# लोकतन्त्र र देशको प्रगतिमा इर्ष्या गर्ने शक्तिबाट दु:खद् र निन्दनीय काम भयो : प्रवक्ता महत

**काठमाडौं।** नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले लोकतन्त्र, नागरिक अधिकार र देशको प्रगतिमा ईर्श्या गर्ने शक्तिबाट 'जेन-जी' प्रदर्शनका क्रममा अकल्पनीय विध्वंस भएको धारणा व्यक्त गर्दै त्यस्तो कार्यको घोर निन्दा गरेका छन्।

लोकतन्त्रको रक्षाका लागि पार्टी एकजुट हुनुपर्नेमा जोड दिँदै प्रवक्ता शर्माले आइतबार आफ्नो निवासमा पत्रकार सम्मेलन गरी 'जेन-जी'को प्रदर्शनका क्रममा घुसपैठ गर्ने केही समूहले लोकतान्त्रिक मूल्यमान्यताप्रति आक्रमण गर्न खोजेको आरोप लगाएका हुन्। 'संसद नभए पनि हामीले यसको विरोध गरेका छैनौं, तथापि यो संविधानसम्मत बाटोबाट अगाडि बढ्नुपर्छ, संसद भएरै पनि यसलाई अझै संविधानसम्मत बनाउन सकिन्थ्यो, त्यसमा त्रुटी भएको छ' प्रवक्ता महतको भनाइ थियो। वर्तमान अवस्थाबारे पार्टीभित्र गम्भीर छलफल र बहस हुने उनले बताए। चाँडोभन्दा चाँडो लोकतान्त्रिक पद्दति र जननिर्वाचित सरकार जरूरी रहेको उनको भनाइ थियो। सिंहदरबार, संसद भवन, सर्वोच्च अदालत, राष्ट्रपति भवन र व्यक्तिका घर तथा व्यवसायमा आगजानी गरिनु दुःखद र निन्दनीय कार्य भएको बताए।

'लोकतन्त्र, नागरिक अधिकार र देशको प्रगतिमा ईश्या गर्ने शक्तिबाट यस्तो काम भएको छ, यसको घोर निन्दा गर्दछु' प्रवक्ता महतले बताए। उनले राजनीतिक दलका सबै नेता भ्रष्ट हुन् भन्ने भाष्य गलत भएको बताए।

लोकतन्त्र प्राप्तिको लडाईंमा लामो समय लड्ने व्यक्ति कांग्रेसका सभापति शेरबहादुर देउवा र उनकी पत्नीमाथि भएको आक्रमणप्रति दुःख व्यक्त गरेका उनले पछिल्लो घटना तथा पार्टीको महाधिवेशनका बारेमा सन्तुलित, संयमित र सघन रूपमा छलफल गरेर नित्कर्षमा पुगिने जानकारी दिए।

# २२ अर्ब २५ करोड ६५ लाख बीमा दाबी

**काठमाडौं।** 'जेन-जी' पुस्ताको प्रदर्शनका क्रममा अहिलेसम्म भएका क्षतिको २२ अर्ब २५ करोड ६५ लाख बराबर बीमा दाबी गरिएको छ। नेपाल बीमा प्राधिकरणका अनुसार बागमती प्रदेशमा सबैभन्दा बढी बीमा दाबी भएको हो। बागमती प्रदेशमा १७ अर्ब ९७ करोड ७२ लाख बराबरको बीमा दाबी परेको प्राधिकरणले जनाएको छ।

प्राधिकरणले कूल एक हजार तीन सय ४३ वटा दाबीको आवेदन परेको बताएको छ। माइक्रो इन्स्योरेन्स कम्पनीसहित कूल १८ वटा बीमा कम्पनीमा दुई हजार चार सय ७८ वटा दाबीको आवेदन परेका प्राधिकरणले जनाएको छ। गत भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा सरकारी तथा निजी सम्पत्तिमा आगजनी, तोडफोडलगायत घटना भएका थिए। प्राधिकरणले निजी सम्पत्तिमा भएको आगजनी र तोडफोडका सऽम्बन्धमा बीमा दाबी भएको स्पष्ट पारेको छ।

ठूलो मात्रामा भौतिक सम्पत्तिको क्षति भएकाले दाबीको मात्रा अझै बढ्न सक्ने देखिएको छ। प्राधिकरणले उपलब्ध गराएको विवरण अनुसार ओरियन्टल इन्स्योरेन्स कम्पनीमा मात्रै पाँच अर्ब २२ करोड ९८ लाख बराबरको दाबीको आवेदन परेको छ। यस्तै, सिद्धार्थ इन्स्योरेन्समा पाँच अर्ब आठ करोड २८ लाख बराबरको आवेदन प्राप्त भएको छ।

प्राधिकरणका अनुसार सम्पत्ति बीमाको पाँच सय ३८, मोटर बीमा एक हजार सात सय ७८, इञ्जिनियरिङ तथा ठेकेदार जोखिमका एक सय ३२, परिवहन बीमा ११ र अन्यमा १९ वटा आवेदन प्राप्त भएका छन्। प्रदेशगत आधारमा कोशी तीन सय २२, मधेश दुई सय ४६, बागमती एक हजार ३४३, गण्डकी एक सय ८४, लुम्बिनी दुई सय दुई, कर्णाली २२ र सुदूरपश्चिम प्रदेश एक सय ५९ वटा बीमा दाबी परेका हो।

# प्रदर्शनका क्रममा कांग्रेसका केन्द्रीय कार्यालयसहित ४८ जिल्ला कार्यालयणमा क्षति

**काठमाडौं।** नेपाली कांग्रेसले गत भदौ २३ र २४ मा भएको 'जेन-जी' प्रदर्शनका क्रममा पार्टी ४८ जिल्ला कार्यालयमा क्षति भएको जनाएको छ। उक्त दलले जारी एक विज्ञप्ति जारी गर्दै प्रदर्शनकारीले पार्टी सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवासहित उपसभापति, महामन्त्री, सहमहामन्त्री, केन्द्रीय सदस्य, प्रदेश सभापतिलगायत नेताहरूका ९५ निवासमा आगजनी, तोडफोड, लुटपाट भएको बताएको छ।

कांग्रेसले गत भदौ २४ गते कांग्रेसका देशभरका पार्टी कार्यालय तथा नेताहरूको निजी सम्पत्तिमा भएको तोडफोड, लुटपाट र आगजनी जस्ता हिंसात्मक घटनाका बारेमा प्रारम्भिक विवरण सार्वजनिक गरेको हो। कांग्रेसको सूचना, सञ्चार तथा प्रचार विभाग प्रमुख मीन विश्वकर्माका अनुसार प्रदर्शनकारीले केन्द्रीय कार्यालय जलाएर ध्वस्त पारेको र कुनै पनि सामान नबचेको तथा करिब दस करोड बराबरको क्षति भएको छ।

आन्दोलनका क्रममा ज्यान गुमाएका सबैप्रति पुनः श्रद्धाञ्जली अर्पण गर्दै सो विज्ञप्तिमा शोकाकूल परिवारजनमा समवेदना र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुका साथै पार्टीले सो घटनाको सत्य तथ्य छानबिन गरी दोषीलाई कारबाहीको माग गरेको छ।

चाडपर्वको बेला
सुरक्षित यात्रा गरौं !

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले–

- सवारी साधनमा अनावश्यक भीडभाड नगरौं,
- सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
- आवश्यक सङ्ख्यामा सवारी साधन सञ्चालन गरौं,
- सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
- सवारी साधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- मादक पदार्थ/लागू पदार्थ सेवन गरी सवारी साधन नचलाऔ ।

दुर्घटनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: कोसेली मिडिया सपोर्ट प्रा.लि. सम्पादक : सानु राय (गौतम) [९८४९६००२०९] बजार व्यवस्थापक : माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]
कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४७३९५३८६ इमेल : janajibro.news@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं